# मेरो नेपाली

## कक्षा १



नाम : ..........................................................................

रोल नम्बर : ....................

विद्यालय : ..........................................................................

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : **नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN :

© सर्वाधिकार प्रकाशकमा

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । पाठ्यपुस्तक सम्बन्धमा सुझाव भए मा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ ।

पहिलो संस्करण : वि. सं. २०७६

मूल्य : रु.

मुद्रक :

वितरक :

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा वितरक अथवा स्थानीय विक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुने छ ।

**- मुद्रक तथा वितरक**

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षालाई व्यावहारिक, समयसापेक्ष र गुणस्तरीय बनाउने उद्देश्यले पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिँदै आएको छ । आधारभूत शिक्षाले बालबालिकामा आधारभूत साक्षरता, गणितीय अवधारणा र सिप एवम् जीवनोपयोगी सिपको विकासका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्छ । आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरूले प्राकृतिक तथा सामाजिक वातावरणप्रति सचेत भई अनुशासन, सदाचार र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्नुपर्छ । यसले विज्ञान, वातावरण र सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास गराई कला तथा सौन्दर्यप्रति अभिरुचि जगाउनुपर्छ । शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी एवम् सिर्जनात्मकताको विकास तथा जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास पनि आधारभूत शिक्षाका अपेक्षित पक्ष हुन् । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्नु, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउनु, स्तरअनुकूल व्यवहारकुशल सिपको प्रयोग गर्नु र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्नु पनि आधारभूत तहको शिक्षाका आवश्यक पक्ष हुन् । यस पक्षलाई दृष्टिगत गरी देशका विभिन्न विद्यालयमा परीक्षण गरेर प्राप्त पृष्ठपोषणका आधारमा परिष्कार तथा परिमार्जन गरी आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ अनुरूप देशभर पठनपाठन गर्न सकिने गरी यो पुस्तक विकास गरिएको छ । यो पुस्तक आधारभूत विद्यालय तहको कक्षा १ मा नमुना पाठ्यपुस्तक तथा कार्यपुस्तकका रूपमा प्रयोग गरिने छ । यसमा बहुविषयक एकीकृत ढाँचाको पाठ्यक्रमको कार्यान्वयनलाई सहयोग पुग्ने गरी विषयवस्तुलाई विभिन्न विषयसँग सम्बन्धित हुने विषय क्षेत्रमा आधारित गरिएको हुँदा विद्यार्थीको सिकाइलाई अन्तरसम्बन्धित गरी दैनिक जीवनसँग सम्बन्धित गर्न र सान्दर्भिक बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

नेपाली भाषा विषयको यस पुस्तकको विकास सुरुमा डा. रामप्रसाद ज्ञवाली, डा. देवी नेपाल, श्री हरिहर तिमल्सिना र पुरुषोत्तम घिमिरेले गर्नुभएको हो । परीक्षणबाट प्राप्त पृष्ठपोषणसमेतमा आधारित भई यस पुस्तकको परिमार्जन तथा सम्पादन गर्ने कार्य लेखक समूहसहित श्री गणेशप्रसाद भट्टराई, श्री टुकराज अधिकारी, श्री इन्दु खनाल, श्री चिनाकुमारी निरौलाबाट भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. गीता खरेल, डा. जानुका नेपाल, श्री नारायणजङ्ग थापाको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको चित्राङ्कन श्री उज्वल तामाङ तथा श्री सोनाम तामाङ र लेआउट डिजाइन श्री भक्तबहादुर कार्कीबाट भएको हो । यस पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न र प्रयोक्ता सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकले विद्यार्थीमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन सहयोग गर्ने छ । त्यसैले यो शिक्षकको सिकाइ क्रियाकलापको योजना नभई विद्यार्थीका सिकाइलाई सहयोग पुऱ्याउने सामग्री हो । यसका लागि यस पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्त्वपूर्ण आधारका रूपमा बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने अपेक्षा गरिएको छ । यसलाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| क्र.स. | विषयक्षेत्र | पृष्ठसङ्ख्या |
|---|---|---|
| १. | म र मेरो परिवार | १ |
| २. | मेरो दैनिक जीवन | १५ |
| ३. | हाम्रो समुदाय | २७ |
| ४. | मेरो विद्यालय | ३९ |
| ५. | हाम्रो वातावरण | ४९ |
| ६. | हाम्रो सिर्जना | ६५ |
| ७. | रुचि र बानी | ८३ |
| ८. | हाम्रो संस्कृति | १०१ |
| ९. | सञ्चार, प्रविधि र बजार | ११९ |
| १०. | हाम्रो क्रियाकलाप | १३९ |
| ११. | हाम्रो वरपरको संसार | १५३ |

विषयक्षेत्र

# म र मेरो परिवार

## पाठ १

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### सबैलाई नमस्कार



पुतली झैं बनेर
आएँ पढ्न भनेर
म त भन्छु मेरो नाम
के हो साथी तिम्रो नाम ?

झोलाभित्र कापी छ
मेरो साथी जाती छ
कति राम्रो व्यवहार
सबैलाई नमस्कार ।

चित्र हेरेर उत्तर भन्नुहोस् :







(क) यो कुन ठाउँको चित्र हो ?

(ख) साथीहरू के गर्दैं छन् ?

शिक्षकले भनेको शब्द सुन्नुहोस् र चित्र चिन्नुहोस् :






## सुन्नुहोस् र शब्दहरू भन्नुहोस् :

### ऐनामा म



म ऐनाअगाडि उभिएँ । मैले नाक देखेँ । कान देखेँ । आँखा देखेँ । निधार देखेँ । गाला देखेँ । ओठ देखेँ । दाँत पनि देखेँ । चिउँडो देखेँ । सबै जोडिएर बसे । आहा ! मेरो अनुहार !

| नाक | कान | चिउँडो | निधार | ओठ |
|---|---|---|---|---|

## शिक्षकले भनेको सुनी साथीसँग कुराकानी गर्नुहोस् :



अमर : नमस्कार, सोनाम दाइ !

सोनाम : नमस्ते, अमर भाइ ! तिमी कता जान लाग्यौ ?

अमर : आशासँग खेल्न जान लागेको हुँ ।

सोनाम : तिमीले विद्यालयमा के के पढ्यौ ?

अमर : अँ... शरीरका अङ्गबारे पढेँ ।

सोनाम : म तिमीलाई शरीरका अङ्गबारे सोध्छु है ।

अमर : हुन्छ ।

सोनाम : औँलाले नाक र कान देखाउन सक्छौ ?

अमर : ल हेर्नुहोस्, दाइ !


सोनाम : मुख र दाँत पनि देखाउन सक्छौ ?

अमर : सक्छु नि ! म त घुँडा र कम्मर पनि देखाउन सक्छु ।

सोनाम : ल, तिमीलाई धन्यवाद छ ।



## नमिल्ने चित्रमा गोलो घेरा (O) लगाउनुहोस् :



## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### कति मिठो




आँखाले कानलाई सोध्यो, "तिमी के गर्छौ ?"
कानले भन्यो, "म सुन्छु ।"
कानले नाकलाई सोध्यो, "तिमी के गर्छौ ?"
नाकले भन्यो, "म बास्ना लिन्छु ।"
नाकले मुखलाई सोध्यो, "तिमी के गर्छौ ?"
मुखले भन्यो, "म खाना खान्छु ।"
जिब्राले भन्यो, "आहा ! खानाको स्वाद कति मिठो !"

(क) कसले कानलाई सोध्यो ?


(ख) कानले नाकलाई के भन्यो ?

(ग) कसले खानाको स्वाद पायो ?

जोडा मिलाउनुहोस् :



थोप्लामा रेखा तान्नुहोस् :



थोप्लामा रेखा तानी उस्तै रङ भर्नुहोस् :



## पाठ २

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### कता हराए

भात पाक्यो भाँडामा, थाप थालमा
धेरै नुन नहाल, साग दालमा
चम्चा ल्याई चलाऊ, चिनी चियाको
मिठो अचार बन्छ रे, फर्सी बियाँको ।
स्याउ जामा लगाई, यता आउँछ
आलु टोपी ढल्काई, गीत गाउँछ
अङ्गुर केरा मेवाले, मलाई बोलाए
झोला कापी कलम, कता हराए ?

चित्र हेरी नाम भन्नुहोस् :



सुन्नुहोस् र शब्दहरू भन्नुहोस् :



### अब, म के खाऊँ ?

मलाई भोक लाग्यो । म भान्साकोठामा गएँ । मैले एउटा भाँडामा खिर देखेँ । अर्को भाँडामा अचार देखेँ । थालमा रोटी देखेँ । टोकरीमा केरा र सुन्तला देखेँ । करुवामा पानी देखेँ । कचौरामा तरकारी देखेँ । आहा ! कति धेरै खानेकुरा । अब, म के खाऊँ ?

रोटी | पानी | खिर | अचार | केरा

## जोडा मिलाउनुहोस् :



## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### चम्चा र थाल



कुकर चुलामाथि बस्यो । कुकरमा भात पाक्यो । कराहीमा तरकारी पाक्यो । थालले भन्यो, “मलाई भोक लाग्यो ।” पनिउँले थाललाई भात दियो । डाडुले कचौरामा तरकारी दियो । गिलासले पानी ल्यायो । गिलासले भन्यो, “अब चम्चाले भात खाऊ ।” थालले भन्यो, “चम्चाले भात खाने हो र? भात त मानिसले पो खाने हो !”

**(क) केमा भात पाक्यो ?**

**(ख) थालले के भन्यो ?**

**(ग) कसले पानी ल्यायो ?**

## नमिल्ने चित्रमा गोलो घेरा (O) लगाउनुहोस् :



## पाठ सुन्नुहोस् र भन्नुहोस् :




### मेरो कोठा


भान्साकोठा यता छ
सुत्ने कोठा उता छ
झ्यालढोका यहीँ छन्
घरको छानो कता छ ?


भुइँ तला तल छ
कौसी चाहिँ माथि छ
मेरो कोठा यहीँ छ
खाट चाहिँ कहाँ छ ?

## थोप्लामा रेखा तान्नुहोस् :



## थोप्लामा रेखा तानी उस्तै रङ भर्नुहोस् :





## पाठ ३

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### म पो के बनूँ

मेरा बाबा बेपारी, सानो पसल
मेरी आमा शिक्षक, सारै असल
ठुली दिदी सेनामा, सानी प्रहरी
कोही पनि बस्दैनन्, काम नगरी ।
काकी मेरी डाक्टर, काका किसान
जानुहुन्छ बारीमा, साँझ बिहान ।
पढ्न लेख्न सिकेर, के पो बन्ने हो ?
म त अहिले भन्दिनँ, पछि भन्ने हो ।



को को के के गर्दैछन् ? भन्नुहोस् :



## कसले के लगाउँछन् ? जोडा मिलाउनुहोस् :



डाक्टर





प्रहरी





भान्से





कामदार



## सुन्नुहोस् र शब्दहरू भन्नुहोस् :




### मोबाइलका साथी

टेबलमा घडी, कम्प्युटर, रेडियो र टिभी थिए । त्यहाँ मोबाइल आइपुग्यो । घडीले मोबाइललाई भन्यो, "तिमी परै बस ।" रेडियो र टिभी घडीतिरै लागे । सबै रिसाएको देखेर मोबाइल डरायो । उसले भन्यो, "साथी हो ! मैले तिमीहरूको काम गरिदिएको छु । भोलि भोलि पनि सघाउँला नि !" मोबाइलको कुरो सबैलाई मन पर्‍यो । उनीहरू मिलेर बस्न थाले ।

घडी | रेडियो | कम्प्युटर | टेलिभिजन | मोबाइल

## थोप्लामा रेखा तान्नुहोस् :



## केका कतिओटा चित्र छन् ? भन्नुहोस् :



टेलिभिजन



रेडियो



क्याल्कुलेटर



मोबाइल



घडी

| | | | | |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



# राम्रो विनय


गाउँमा मेला लागेको थियो । सबैले आफूलाई मन पर्ने लुगा लगाए । आमाले साडी र चोलो लगाउनुभयो । दाजुले कमिज र पाइन्ट लगाउनुभयो । बुबाले दौरा र सुरुवाल लगाउनुभयो । भाउजूले कुर्ता र सुरुवाल लगाउनुभयो । विनयले पनि राम्रा लुगा लगाएर आयो । विनयले हाँस्दै सोध्यो, “मैले लगाएको लुगा कस्तो छ ?” आहा ! विनय त कस्तो राम्रो देखियो । सबै खुसी भए ।

(क) आमाले के लगाउनुभयो ?

(ख) बुबाले के लगाउनुभयो ?

(ग) विनयले के के लगाएको रहेछ ?

## मयूरको प्वाँखमा मात्र रङ भर्नुहोस् :



निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) सुनेर भन्नुहोस् र गर्नुहोस् :

(अ) नमस्कार (आ) साथीलाई नमस्कार (इ) सबैलाई नमस्कार

(ख) तलका चित्रका नाम भन्नुहोस् :


हजुरआमा


डाक्टर


आँखा



घडी

(ग) नमिल्ने चित्रमा गोलो घेरा (O) लगाउनुहोस् :


रायो


रायो


रायो


मुला


कुकर


कुकर


ताप्के


कुकर


धान


गहुँ


धान


धान


(घ) तलका प्रश्नको उत्तर भन्नुहोस् :

(अ) तपाईँको नाम के हो ?


(आ) तपाईँको स्कुलको नाम के हो ?

(इ) तपाईँको आमाबुबाको नाम के हो ?

(ङ) थोप्लामा रेखा तान्नुहोस् :



(च) भिन्नाभिन्नै बेलुनमा फरक फरक रङ भर्नुहोस् :





शिक्षकको हस्ताक्षर : .................

अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# मेरो दैनिक जीवन

## पाठ ४

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### आहा ! कपडा

अखबार पढेर, अक्षर चिन्ने हो
अब बजार गएर, अन्न किन्ने हो
निधारमा अक्षता, टिकी लाएर
असारमा नाच्ने हो, गीत गाएर ।

आमा लिई आउनुभो, आहा ! कपडा
बुबा आई दिनुभो, आलुबखडा
आठ बजे आकाश, कालोमैलो भो
आज छाता ओढेर, स्कुल जाने हो ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



## सुन्नुहोस् र शब्द भन्नुहोस् :



### सरसफाइ

अमरले अमला टिपे । अमर र अनिसाले अमला खाए । अमलाका दाना कोठामा छरिए । कोठा फोहोर भयो । आमा आउनुभयो । आमाले भन्नुभयो, "कोठा फोहोर भएछ । कोठा सफा राख है !" आमाले ठिक भन्नुभयो । "कोठा सफा राख्नुपर्छ ।" भन्दै अनिसाले कोठा बढारिन् । अमरले झ्याल पुछे ।

अमला अमर अनिसा आमा

## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

अनार 

अमला 

अ

अनुहार 


अखबार 

## थोप्लामा रेखा तान्नुहोस् :

अ अ अ अ अ

अ अ अ अ अ

## जोडा मिलाउनुहोस् :




## चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

आलु 

आरु 

आ

आगो 

आकाश 

थोप्लामा रेखा तान्नुहोस् :

आ आ आ आ आ

ा ा ा ा ा

सुन्नुहोस् र उत्तर भन्नुहोस् :



## आत्था ! जिब्रो पोल्यो

आमाले आगो बाल्नुभयो । आमाले रोटी पकाउनुभयो । मैले आधा रोटी खाएँ । भाइले पनि आधा रोटी खायो । आमाले भात खाऊ भन्नुभयो । सबैले भात, तरकारी र अचार खान थाल्यौं । बाबाले आलु उसिन्नुभयो । भाइले हतार हतार गरी तातो आलु खायो । भाइले भन्यो, "आत्था ! जिब्रो पोल्यो ।"

(क) आमाले के पकाउनुभयो ?

(ख) बाबाले के उसिन्नुभयो ?

(ग) जिब्रो पोल्दा भाइले के भन्यो ?

खाली ठाउँमा आ वर्ण लेख्नुहोस् :

..............मा 

..............गो 


..............धा 


..............लु 

उस्तै बनाएर सार्नुहोस् :

| अ | आ | ा |
|---|---|---|
| ....................... | ....................... | ....................... |
| ....................... | ....................... | ....................... |

थोप्लामा रेखा तानी उस्तै रङ भर्नुहोस् :





## पाठ ५

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



**इला गइन् इलाम**

इला गइन् इलाम
उनले पाइन् इनाम
थियो नयाँ बिहानी
इनारमा इन्द्रेनी ।

ईशानले भनेको
ईश्वरीले सुनेको
कति राम्रो माली गाई
माया गर्छन् दिदीभाइ ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



### सुन्नुहोस् र शब्द भन्नुहोस् :



**आकाशमा इन्द्रेनी !**

अमर इनारछेउ गए । इनारमा इन्द्रेनी देखे । उनले इलालाई बोलाए । इला पनि इनारछेउ गइन् । इनार गहिरो थियो । इनारमा पानी थियो । पानीमा अमर र इलाको छाया देखियो । इनारमा आकाश देखियो । आहा ! आकाशमा त इन्द्रेनी पो रहेछ !

इनार | इन्द्रेनी | इला | आकाश

## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

इन्द्रेनी 

इनार 

**इ**

इनाम 

इमली 

## थोप्लामा रेखा तान्नुहोस् :

इ इ इ इ

ि ि ि ि

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### आमाबुबा नै ईश्वर



ईशान बिहानै उठे । ईशान दाइसँग पसल गए । पसल खाली थियो । उनीहरू गुरुआमाका घरमा गए । गुरुआमा ईश्वरका बारेमा बताउँदै हुनुहुन्थ्यो । ईशानले सोधे, “गुरुआमा, ईश्वर को हुन् ? उनी कहाँ छन् ?” गुरुआमाले भन्नुभयो, “आमाबुबा नै ईश्वर हुन् । ईश्वर तिमीहरूसँगै बस्छन् नि !” ईशान ईश्वर चिनेर दङ्ग परे ।

**(क) ईशान कोसँग पसल गए ?** **(ख) ईशानले गुरुआमालाई केका बारेमा सोधे ?**

**(ग) ईश्वर को रहेछन् ?**

चित्र हेरी वर्णन गर्नुहोस् :



सुन्नुहोस् र ई वर्ण चिनेर गोलो (O) घेरा लगाउनुहोस् :

ई

| | |
|---|---|
| (ई)श | ईकार |
| ईशान | ईश्वरी |
| ईश्वर | ईर्ष्या |

थोप्लामा रेखा तान्नुहोस् :

ई ई ई ई

ी ी ी ी

जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आ | ी |
| इ | ा |
| ई | ि |

उस्तै बनाएर सार्नुहोस् :

| | | | |
|---|---|---|---|
| अ | आ | इ | ई |
| ...................... | ...................... | ...................... | ...................... |
| आई | ा | ि | ी |
| ...................... | ...................... | ...................... | ...................... |
| इ | ि | ई | ी |
| ...................... | ...................... | ...................... | ...................... |

'आमाबुबा नै ईश्वर' पाठमा अ, आ, इ, ई, ा, ि, ी मात्रा प्रयोग भएका शब्द चिनेर ती वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।

चित्र हेरी खाली ठाउँमा मिल्ने वर्ण लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| अ | आ | इ | ई |



..................मा



गा..................





..................नार



..................मला

थोप्लामा रेखा तानी उस्तै रङ भर्नुहोस् :





निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) चित्रको नाम भन्नुहोस् र रातो रङमा लेखिएका वर्ण उच्चारण गर्नुहोस् :



अमला



आमा



इनार




सलाई

(ख) चित्र हेरी कम्तीमा तीन वाक्य भन्नुहोस् :



(ग) पढेर सुनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| अ | आ | इ | ई |
| आ | इ | अ | ई |
| इ | आ | ई | अ |
| ई | अ | इ | आ |

**(घ) पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

अमरले अनार ल्याए । अङ्गुर पनि ल्याए । आमासँग आशा थिइन् । आशाले आगो ल्याइन् । इला इलाम गइन् । इलाले इनाम लिई आइन् । ईशान र ईश्वर पनि आए । अनार र अङ्गुर खाए ।

(अ) अमरले के के ल्याए ?  (आ) आशा कोसँग थिइन् ?

(इ) इला कहाँ गइन् ?

**(ङ) उस्तै बनाएर सार्नुहोस् :**


| | | | |
|---|---|---|---|
| अ | आ | इ | ई |

....................... ....................... ....................... .......................

| | | | |
|---|---|---|---|
| आई | ा | ि | ी |

....................... ....................... ....................... .......................

**(च) थोप्लामा रेखा तानी उस्तै रङ भर्नुहोस् :**





शिक्षकको हस्ताक्षर : .................  अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो समुदाय

## पाठ ६

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### ऊर्मि हाँस्न थालिन्

उषासँग खेल्न पाई, उमा परिन् दङ्ग
उदयलाई साथ लिई, हिँडिन् उसैसँग
उनी लागिन् उतातिर, उखु खान भनी
उषालाई साथ दियो, उदयले पनि ।
खानलाई एउटा उखु, उपहार पाए
आपसमा बाँडिचुँडी, मिठो मानी खाए
उखु खाँदा ऊर्जा मिल्यो, ऊष्मा नाच्न थालिन्
आऊ गाऊ गीत भन्दै, ऊर्मि हाँस्न थालिन् ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



## सुन्नुहोस्  र उत्तर भन्नुहोस् :



### उल्लु

बिहानको समय थियो । उदय ओछ्यानमा सुतेका थिए । झ्याल खुला थियो । झ्यालमा एउटा चरो रहेछ । चराले भन्यो, "उठ्नुहोस् साथी ! उज्यालो भइसक्यो । अबेरसम्म सुत्नेलाई अल्छी भन्छन् । तपाईँ त अल्छी केटो होइन नि !" उदय उठे । कोठामा आमा आउनुभयो । आमालाई देखेर चरो उड्यो । उदयले आमालाई चराको नाम सोधे । आमाले चराको नाम भन्नुभयो । ए, त्यो चरो त उल्लु पो रहेछ !

(क) को ओछ्यानमा थिए ?

(ख) चरो किन उड्यो ?

(ग) उल्लुको अर्को नाम के होला ?

## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

उखु 

उन 

उ

उडुस 

उकालो 

## थोप्लामा रेखा तान्नुहोस् :

उ

सुन्नुहोस् र शब्द भन्नुहोस् :

## चौतारीमा उत्सव

"चौतारीमा आओ ।" उत्सव जोडसित कराए । ऊष्मा आइन् । उदय पनि आए । उत्सवले भने, "पारि डाँडामा हेर त !" सबैले डाँडातिर हेरे । डाँडामाथि सूर्य उदाएको थियो । उत्सवले भने, "सूर्यले उज्यालो दिन्छ । सूर्यले ऊर्जा पनि दिन्छ ।"



उत्सव    ऊष्मा    ऊर्जा    उज्यालो    उदय

सुन्नुहोस् र ऊ वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

| | | |
|---|---|---|
| ऊकार | | ऊरु |
| ऊर्जा | ऊ | ऊष्ण |
| ऊष्मा | | उनिउँ |

थोप्लामा रेखा तान्नुहोस् :

ऊ

## सार्नुहोस् :

| ) | ३ | — | उ | ऊ |
|---|---|---|---|---|
| ................. | ................. | ................. | ................. | ................. |
| ा | ि | ी | ु | ू |
| ................. | ................. | ................. | ................. | ................. |
| आ | ई | ऊ | आई | आऊ |
| ................. | ................. | ................. | ................. | ................. |

## पढेर साथीलाई सुनाउनुहोस् :

(क) अ  आ  इ  ई  उ  ऊ

(ख) आई  आऊ

## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ऊ | ी |
| आ | ु |
| इ | ि |
| ई | ा |
| उ | ू |

## चित्र हेरी वर्णन गर्नुहोस् :





## चित्रसँग मिल्ने वर्णमा जोडा मिलाउनुहोस् :





ऊ







अ

आ


इ


ई

उ

ऊ

## थोप्लामा रेखा तानी उस्तै रङ भर्नुहोस् :





## पाठ ७

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### मिठो गीत गाउछ

ओल्लो घर ऋचाको
पल्लो घर ऋतुको
माथ्लो घर ऋषभको
तल्लो घर कृषकको ।

ऋतु अनि ऋचाले
बजाउछन् एकतारे
एकलव्य आउछ
मिठो गीत गाउछ ।

### चित्र हेरी वर्णन गर्नुहोस् :




### सुन्नुहोस् र ऋ वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

ऋषि

ऋतु

ऋण

ऋचा

ऋ

ऋषभ

ऋणी

ऋद्धि

ऋकार

थोप्लामा रेखा तान्नुहोस् :

ऋ ऋ ऋ ऋ

ृ ृ ृ ृ

सुन्नहोस् र उत्तर भन्नुहोस् :



## ऋषभ र ऋचा

ऋषभ एक्लै थिए । एकतारे बोकी ऋषिराम आए । ऋषिरामले ऋचालाई पनि बोलाए । उनीहरू मेला घुम्न गए । बाटामा ऋद्धि पनि भेटिइन् । बाटोछेउमा रङ्गीचङ्गी फूल फुलेका रहेछन् । ऋचा र ऋद्धि फूल देखेर रमाए । त्यहाँ धेरै पुतली आए । पुतलीले फूलका रस चुस्न थाले । एक हुल माहुरी पनि आए । तिनले पनि रस चुसे । ऋषभले भने, “आफ्नो रस चुस्दा पनि फूलले किन केही नभनेको होला ?” उत्तर त कसैलाई थाहा थिएन । ऋषिरामले भने, “हिँड, मेलामा धेरै मान्छे हुन्छन् । तिनलाई सोधौँला ।”

**(क) ऋषभको घरमा को गए ? (ख) फूल देखेर को को रमाए ?**

**(ग) ऋषिरामले के भने ?**

चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

(ए)क 

एघार 

ए

एकतारे 

एकदन्त 

थोप्लामा रेखा तान्नुहोस् :

ए ए ए ए

१ १ १ १

जोडा मिलाउनुहोस् :

| | | | |
|---|---|---|---|
| ए | ा | ऊ | ु |
| ऋ | े | ई | ृ |
| आ | ृ | उ | ी |

पालैपालो भन्नुहोस् :

## ऋषिको एकतारे



शिष्य : गुरुजी नमस्कार !

गुरु : नमस्कार ! के छ, ऋषभ बाबु !
तपाईँको खबर ?

शिष्य : मलाई एउटा कुरा सोध्नु छ, गुरु
ऋषिले किन एकतारे बोकेका हुन् ?

गुरु : ऋषि भजन गाउँछन् । मिठो धुन बजाउँछन् । त्यसैले एकतारे चाहिएन त ?

शिष्य : यसलाई किन एकतारे भनेको होला, गुरु ?

गुरु : एकतारे बाजामा एउटा तार मात्र हुन्छ । त्यसैले एकतारे भनेको हो । एकतारेको धुन मिठो हुन्छ नि !

शिष्य : ए ! त्यसैले ऋषिले एकतारे बजाएका होलान् !

गुरु : हो त । ल, तपाईँ पनि एकछिन एकतारे बजाउनुहोस् ।

## लेख्नुहोस् र पढ्नुहोस् :

आ + ई → आई

आ + ए → 

आऊ → ☐ ☐

आई → ☐ ☐

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| ऋ | ए | आए | आऊ |

## सुन्नुहोस् र शब्द भन्नुहोस् :


### मिलिजुली खाए




एउटा पुतली आयो । उसले फूलहरू गन्यो- एक, दुई, तीन । ऊ एउटा फूलमा गएर बस्यो । एघार माहुरी आए । तिनीहरूले आफू बस्ने घार बनाए । एकतिस कमिला आए । तिनीहरूले आफू बस्ने गोलो बनाए । पुतलीले रोटी ल्यायो । माहुरीले मह ल्याए । कमिलाले चिनी ल्याए । सबैले मिलिजुली रोटी, मह र चिनी खाए ।

एउटा    एक    आए    एघार    गएर

उस्तै बनाएर सार्नुहोस् :



फूल र पातमा अ देखि ए सम्मका वर्ण लेख्नुहोस् :



'ऋषभ र ऋचा" पाठमा प्रयोग भएका ऋ र ए वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।

क्रम मिलाएर कापीमा सार्नुहोस् र पढ्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| इ | आ | अ | उ | ऋ | ए | ई | ऊ |

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) चित्रको नाम भन्नुहोस् र रातो रङमा लेखिएका वर्ण तथा शब्द पढ्नुहोस् :





| उन | एकतारे | ऋषि | ऊकार |
|---|---|---|---|
| आए | आऊ | आई | |

(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :



(ग) पढेर सुनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| उ | ऊ | ऋ | ए |
| ऊ | ऋ | ए | उ |
| ऋ | ए | उ | ऊ |
| ए | ऋ | ऊ | उ |

(घ) लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| आ + ई | आ + ए | आऊ | आई |
| आई | | ..... + ..... | ..... + ..... |

(ङ) पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :

उमाले उनिउँ ल्याइन् । उदयले उखु ल्याए । ऋषिरामले एकतारे ल्याए । उमा र उदयले उखु खाए । ऋषिरामले एकतारे बजाए । उदय नाचे । उमा पनि नाचिन् ।

(अ) उमाले के ल्याइन् ?  (आ) एकतारे कसले ल्याए ?  (इ) को को नाचे ?

(च) छुटेका वर्ण लेख्नुहोस् र पढ्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अ | ............. | इ | ............. | उ | ............. | ऋ | ............ |

(छ) वर्णअनुसार मात्रा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आ | इ | ई | उ | ऊ | ऋ | ए |
| ....ा.... | ................ | ................ | ................ | ................ | .............. | .............. |

(ज) पढ्नुहोस् र लेख्नुहोस् :

| | | |
|---|---|---|
| आई | आऊ | आए |
| ............................ | ............................ | ............................ |



शिक्षकको हस्ताक्षर : ..................  अभिभावकको हस्ताक्षर : ..................

विषयक्षेत्र


# मेरो विद्यालय

## पाठ ८


सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### ऐना देखिन् रे

सानी सानी मुसीले, ऐना देखिन् रे
बिरालीले कापीमा, ऐकार लेखिन् रे
साना साना बुटामा, पाक्यो ऐँसेलु
ठुला ठुला रुखमा, आयो ऐँजेरु ।
सानी सानी मुसी त, झरिन् ओराली
ओदान खोज्न दौडिछन्, सुरी बिराली
ओडारछेउ दुवैले, देखे ओखल
ओखती हो भनेर, खाए ओखर ।



चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

ऐरावत 


ऐना 

ऐ

ऐया 

ऐँसेलु 

थोप्लामा रेखा तान्नुहोस् :



सुन्नुहोस् र शब्द भन्नुहोस् :



## मैना

मैना चरीले ऐना हेऱ्यो । उताबाट पुच्छर हल्लाउँदै ऐरावत आयो । "यो ऐना कसको हो ?" ऐरावतले सोध्यो । ऐरावतले पनि ऐनामा आफ्नो अनुहार हेऱ्यो । ऐरावतको सुँडले मैनालाई लाग्यो । मैनाले ऐया भन्यो । ऐरावतले माफी माग्यो । मैनाले माफी दियो । ऐरावतले मैनालाई पिठिउँमा बोक्यो । मैना ऐरावतमाथि चढ्यो । मैना ऐना हेर्दै वनतिर लाग्यो ।

ऐरावत | ऐया | हेर्दै | ऐना | मैना

## सुन्नुहोस् र ओ वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

**ओ**

| | |
|---|---|
| ओठ | ओदान |
| ओखल | ओराली |
| ओखती | ओडार |

## थोप्लामा रेखा तान्नुहोस् :

ओ ओ ओ ओ

ो ो ो ो

## जोडा मिलाउनुहोस् :

| | | | |
|---|---|---|---|
| इ | ै | उ | े |
| ऊ | ि | ए | ो |
| ऐ | ू | ओ | ु |

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### ओठमा ओखती



ओखरको बोटछेउमा ओडार थियो । ओडारमा ओस पर्थ्यो । त्यसैले ओडार चिप्लो थियो । ओडारका छेउमा एउटा स्याल बस्थ्यो । एक दिन स्याल

ओडारमा गयो । ऊ चिप्लिएर लड्यो । स्यालको ओठमा चोट लाग्यो । ऊ ओखती खोज्न ओरालो लाग्यो । स्याल ओझा काकाका पिँढीमा पुग्यो । उसले ओभानो सुकुल देख्यो । स्याल सुकुलमा सुत्यो । उसले ओदानमाथि ओलनको भाँडो देख्यो । ओझा काका आउँदा ओलन थिएन । ओलन कहाँ गयो होला ?

**(क) ओडार कस्तो थियो ?** **(ख) स्याल किन ओरालो लाग्यो ?**

**(ग) ओलन कहाँ थियो ?** **(घ) ओलन कहाँ गयो होला ?**

## लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| आई | आए | आ + ऊ | आ + ओ |
| आ, ई | ......, ...... | ...... | ...... |

## शिक्षकले भनेको सुनेर खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

आई आऊ आए आओ

(क) बहिनी .................................. । (ख) अनिसा ....................... ।

(ग) अमर र अनिसा ................... । (घ) सबै जना ..................... ।

## सार्नुहोस् र पढ्नुहोस् :

| ऐ | ओ | आओ |
|---|---|---|
| ............................ | ............................ | ............................ |

## आफ्नो र दुई जना साथीको नाम कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।

# पाठ ९

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

## औजारले समाऊ



अंशुमाले औषधी, बोकी ल्याइछ
औजारले औषधी, घाउमा लाइछ
औधी दुख्ने घाउमा, औंला राखेर
औषधी नै हो भन्दै, पट्टी बाँधेर ।
औंसा पर्न सक्दछ, धोइराख है
औलो लाग्न सक्दछ, होस राख है
आऊ घर आँगन, सफा गर्नु छ
सबै जना भन्दै छन्, स्वस्थ बन्नु छ ।

चित्र हेरी वर्णन गर्नुहोस् :



## सुन्नुहोस् र औ वर्ण चिनेर गोलो (O) घेरा लगाउनुहोस् :

औ

| | |
|---|---|
| औलो | औतारी |
| औषधी | औधी |
| औजार | ओदान |
| ओखल | औसत |

## थोप्लामा रेखा तान्नुहोस् :

औ औ औ औ

ौ ौ ौ ौ

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### ओदानको खुट्टो

ओमकार अगेनामा ओदान गाड्थे । त्यसमा खोले पकाउँथे । ओदानका तीनओटा खुट्टा थिए । उनले खोले पकाउन ओदानमा भाँडो राखे । भाँडो राख्दा ओदानको एउटा खुट्टो भाँचियो । ओदान औधी रोयो ।औजारले ओदान रोएको सुन्यो । औजारले ओदानको खुट्टो जोडिदियो । ओदान औधी खुसी भयो । ओदानले औजारलाई धन्यवाद दियो । ओमकार पनि खुसी भए ।

(क) केका तीनओटा खुट्टा थिए ? (ख) ओदानको खुट्टा कसरी जोडियो ?
(ग) ओदान किन खुसी भयो ?

सुन्नुहोस् र अं वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

अंश

अंशु

**अं**

अंशुमाला

अंशुवर्मा

थोप्लामा रेखा तान्नुहोस् :

अं अं अं अं

अः अः अः अः


जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अं | ओ |
| ओ | उ |
| ऐ | अं |
| उ | ऐ |

कापीमा सार्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| ३ | अ | आ | ओ | औ |

सुन्नुहोस् र शब्द भन्नुहोस् :



## अंशु र अंशुमा

अंशु र अंशुमा पुस्तकालय गए । अंशुमाले एउटा पुस्तक झिकिन् । पुस्तक पढ्दै अंशुमा र अंशुले कुराकानी गरे । अंशुले सोधिन्, “संसारमा पौडने चरा पनि हुन्छन् ?” अंशुमाले उत्तर दिइन्, “हुन्छन् नि ! हाँस देखेका छैनौ तिमीले ? हाँसलाई हंस पनि भन्छन् । यो पौडने चरा हो ।”


अंशु   अंशुमा   हंस

पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ऊ | आऊ | आई | आए | आओ | ऊ आई । |

अ देखि अः सम्म क्रम मिलाएर लेख्नुहोस् र पढ्नुहोस् :

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ओ | अ | अः | आ | इ | ए | ई | ऊ | ऋ | ऐ | उ | औ | अं |



निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) चित्रको नाम भन्नुहोस् र रातो रङमा लेखिएका वर्ण उच्चारण गर्नुहोस् :



ऐना



ओदान



औषधी

अं

अंश

(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :



(ग) पढेर सुनाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ए | ओ | औ | अं | अः | ऐ |
| अ | ऐ | अं | ओ | ए | औ |

(घ) लेख्नुहोस् र पढ्नुहोस् :

आओ → आ, ओ

आऊ → ___, ___

आ + ई → ___

आ + ए → ___

**(ङ) पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

ऐनबहादुरको पसल एकान्तकुनामा थियो । उनको पसलमा औजार र ऐना पाइन्थ्यो । अंशुमाला ऐना किन्न पुगिन् । पसलमा प्रायः ऐनबहादुर नै हुन्थे । आज चाहिँ वंशिला थिइन् । वंशिलाले सोधिन्, "ओहो, अंशुमा बहिनी ! किन आउनुभयो ? अंशुमाले भनिन्, "म एउटा ऐना किन्न आएकी, दिदी !" "ल यो ऐना लैजाउनुहोस् । पच्चिस रुपियाँ दिनुहोस् ।" वंशिला दिदीले ऐना दिँदै भन्नुभयो ।

**(अ) ऐनबहादुरको पसलमा के के पाइन्थ्यो ? (आ) पसलमा को थियो ?**

**(इ) अंशुमा पसलमा किन आएकी हुन् ?**

**(च) छुटेका वर्ण लेख्नुहोस् र पढ्नुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ | ............ | ............ | ............ | उ | ............ | ऋ |
| ............ | ............ | ओ | ............ | ............ | अः | |

**(छ) वर्णअनुसार मात्रा लेख्नुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आ | इ | ई | उ | ऊ | ऋ | ए |
| ...ा... | ............ | ............ | ............ | ............ | ............ | ............ |

| | | | | |
|---|---|---|---|---|
| ऐ | ओ | औ | अं | अः |
| ............ | ............ | ............ | ............ | ............ |

**(ज) पढ्नुहोस् र लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| आई | आऊ | आए | आओ |
| ...................... | ...................... | ...................... | ...................... |



शिक्षकको हस्ताक्षर : .................. अभिभावकको हस्ताक्षर : ..................

विषयक्षेत्र

# हाम्रो वातावरण

## पाठ १०

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### करेसामा कविता

कवितालाई डाकी, करेसामा काकी
रोप्नुहुन्छ काउली, कपकप खाउली
कवितालाई देखी, कमल पनि आए
कमिलाका ताँती, देखी ती रमाए ।
कबिना र कबिर, कताबाट आए ?
करुवाको पानी, कलकली खाए
करेसामा फुलेका, फूल कति कति
फूल रोप्ने कविता, कति धेरै जाती ।



चित्र हेरी वर्णन गर्नुहोस् :



## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

क


कप 

करेला 

कलश 

कछुवा 

## सुन्नुहोस् र शब्द भन्नुहोस् :



### कछुवा जिल्ल पऱ्यो

कछुवा र खरायो दौडँदै थिए । कछुवा खरायोभन्दा अगाडि थियो । ऊ अझै छिटो छिटो दौडँदै थियो । उसले कमिलाको गोलो कुल्चिएछ । कमिलाहरू गोलाबाट बाहिर आएर कछुवाको बाटो छेके । "तिमीले हाम्रो गोलो भत्काइदियौ । तिमीले माफ माग्नुपर्छ ।" कमिलाले भने । "मलाई माफ गर ।" कछुवाले भन्यो । "ल माफ त गर्छौं । तिमीले दौड चाहिँ हाऱ्यौ ।" कमिलाले खरायोलाई देखाउँदै भन्यो । खरायो दौडेर पुगिसकेको थियो । कछुवा जिल्ल पऱ्यो ।

कछुवा   कमिलो   खरायो   गोलो   दौड

## थोप्लामा रेखा तान्नुहोस् :

क

## चित्रको नाम भन्नुहोस् र सुरुमा क वर्ण लेख्नुहोस् :







..............लम ............. मल ............ प

## लेख्नुहोस् र पढ्नुहोस् :

| आए → आ, ए | आऊ → ..., ... | आ + ओ → ... | ए + क → ... |
|---|---|---|---|

## चित्र हेरी ठिक छ भने (✓) र बेठिक छ भने (x) चिह्न लगाउनुहोस् :

(क) बिरालो छैन ☐

(ख) कछुवा छ ☐

(ग) कटहर छैन ☐

(घ) कमिलो छ ☐



## सार्नुहोस् र पढ्नुहोस् :

| क | छ | छैन | एक |
|---|---|---|---|
| ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... |

# पाठ ११

## सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :





### पाक्यो काफल

कविज्यूले कलम, समाई लेखे कविता
करेसामा किरा, खोज्दै पुगे कमिला
काकाकाकी काउली, रोप्न कता गर्छन्
काग उड्दा कान, खोज्दै त्यतै लागेछन् ।
कालो कालो बादलमा, काग हरायो
कछुवा र कमिलालाई, कसले बोलायो
काइँयो झिकी कालिजले, कोत्र्यो कपाल
वनचरीले गाउँदै थियो, 'पाक्यो काफल' ।

## चित्र हेरी वर्णन गर्नुहोस् :



### सुन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| (का)लिज | ा | ि | किताब |
| काग | | | किरो |
| काउली | | ी | किसान |
| काकी | | | कागज |

### सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## काकाको कोट



काकाले किलामा झुन्ड्याएको कोट झिक्नुभयो । काका कोट लगाएर काउलीबारीमा जानुभयो । काउलीबारीमा धेरै काग थिए । ती किरा खाँदै थिए । काकाले सोच्नुभयो, "यी कागले त काउली सखाप पार्ने भए ।" उहाँले कान्लामा कोट राखेर काग धपाउनुभयो । काग भोकाएका थिए । कागलाई काकासँग रिस उठ्यो । एउटा काग काकाको कानमै करायो । अर्को काग काकाको कोट च्यापेर उड्यो । अरू कागले काकालाई ठुड्न खोजे । यो देखेर काकाकी छोरी कीर्ति कराउँदै आइपुगी । कीर्तिसँगै कालो कुकुर पनि भुक्दै आयो । कुकुर भुक्दै काउलीबारीको वरिपरि दौडियो । कुकुर भुकेकाले काग उडे । काकाको कोट काफलको बोटमा अड्कियो । "अब कोट कसरी झिक्ने होला ?" कीर्ति सोच्न थाली ।

(क) काका कोट लगाएर कहाँ जानुभयो ?

(ख) काकाले के सोच्नुभयो ?

(ग) काग किन रिसाए ?

(घ) कागले के के गरे ?

(ङ) काग किन उडे ?

थोप्लामा रेखा तान्नुहोस् :

| | | | |
|---|---|---|---|
| का | का | का | का |
| कि | कि | कि | कि |
| की | की | की | की |
| छ | छ | छ | छ |
| छैन | छैन | छैन | छैन |

शब्द पढेर सुनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| काका | काकी | आए | आऊ |
| आई | आओ | एक | आका |
| छ | छैन | काउकाउ | ऊ |

खाली ठाउँमा मिल्ने वर्ण थपी शब्द बनाउनुहोस् :

का की ए आ ई ओ

............ का        का............        आ ............

............ ऊ        आ ............        आ ............

## पाठ १२

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### सानो केटो

कुलैकुलो कुहिरो, भाग्दाभाग्दै हरायो
छिनमै देख्छु कुखुरो, फेरि आउँछ कुहिरो
कुकुरले कुटीमा, कुखुरालाई बोलायो
कृषकले कुनामा, केरा रोप्दै करायो ।
कूपभित्र पानी छ, कुवाभित्र बाल्टी छ
बस्ने कुम जोडेर, मेरो एउटा साथी छ
केशवको केशमा, केसरीको रङ्ग छ
केरा केराउ पारेर, सानो केटो दङ्ग छ ।



चित्र हेरी वर्णन गर्नुहोस् :



सुन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| (कु)खुरो | कु | कू | कुहिरो |
| कूप | कृ | के | कृषक |
| केराउ | | | केरा |

थोप्लामा रेखा तान्नुहोस् :

कु कू कृ के

कु कू कृ के

सुन्नुहोस् र उत्तर भन्नुहोस् :



## कुखुरालाई कनिका

कुमुदले कुखुरा पालेका थिए । खोरमा काला र राता कुखुरा थिए । कुमुद कुखुरालाई कनिका दिन्थे । कुखुरा कनिका बाँडेर खान्थे । उनी कुखुरालाई पानी दिन्थे । केराको झाङनजिकै कुवा थियो । कुमुद कुवालाई कूप भन्थे । त्यही कुवाको पानी खान्थे । उनी कुवाको पानी केराउबारीमा हाल्थे । कृष्ण काकाले कुकुर पालेका थिए । कुकुर कुखुराको खोर वरिपरि डुलिरहन्थ्यो ।

(क) कुमुदले के पालेका थिए ?

(ख) कनिका कसले खान्थे ?

(ग) कुकुर किन खोरवरिपरि डुलिरहन्थ्यो होला ?

लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| एक → ए, क | काकी → ☐, ☐ | का + का → ☐ | इ + कु → ☐ |

## शब्द पढेर सुनाउनुहोस् :




## लेख्नुहोस् :

| क | का | कि | की | कु | कू | के |
|---|---|---|---|---|---|---|
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |

## खाली ठाउँमा क्रमैसँग क, का, कि, की, कु, कू, कृ र के वर्ण लेख्नुहोस् :

................. लम ................. ग ................. ताब ................. र्तन

................. कुर ................. प ................. ष्णा ................. राउ

# पाठ १३

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



## कैलालीका कैलाश

कैलालीका कैलाशले, कैलो गाई देखे
कोइलीले गाउन थाले, कस्ले गीत लेखे ?
को को पसे कोठाभित्र, कोट लगाएर
कौशल आए भन्दै थियो, कौवा कराएर ।
कोही पुगे कोटेश्वर, कोही कौशलटार
काठमाडौँमा बसेका छन्, काका कंसाकार ।

चित्र हेरी वर्णन गर्नुहोस् :



सुन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :


| | | | |
|---|---|---|---|
| (कै)लो | कै | को | कैलाली |
| कोदालो | | | कोइली |
| कौसी | कौ | कं | कंस |

थोप्लामा रेखा तान्नुहोस् :

कै को कौ कं

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## कोसेली



कैलालीका कैलाश किसान हुन् । उनी बिहानै उठेर कोदालो बोकी बारीमा जान्छन् । दिनभर कोदालाले बारी खन्छन् । बारीमा कोदो रोप्छन् । कोठेबारीमा काउली र मकै रोप्छन् । वनमा कोइली कराउँदा उनी मक्ख पर्छन् । गीत गाउँदै काम गर्दा उनी थकाइ भुल्छन् । कौसीमा कैलो कौवा कराउँदा भने उनी आत्तिन्छन् । फुर्सद भए उनी कौशल दाइकहाँ जान्छन् ।

कौशल दाइको कोठामा कंसाकार काका पनि आउँछन् । कंसाकार काका कंसका कथा सुनाउँछन् । उनको कथा सुनिदिनेलाई उनी कोसेली दिएर पठाउँछन् ।

(क) कैलाश बिहानै के गर्छन् ?

(ख) कैलाश किन मक्ख पर्छन् ?

(ग) कैलाश किन आत्तिन्छन् ?

(घ) कथा कसले सुनाउँछन् ?

## लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| का + कु | के + क | का + का | का + की |
| काकु | | | |

## हेर्नुहोस् र मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् :

आऊ, एक, काकी, काका, आका

| | | |
|---|---|---|
| ए | का | ऊ |
| क | आ | का |
| का | की | का |

## खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

आई, आऊ     काका, काकी     केक, एक

(क) बहिनी ........................................ ।

(ख) ........................................ आउनुभयो ।

(ग) आमाले ........................................ ल्याउनुभयो ।

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :





## सही शब्दमा ठिक (✓) र बेठिक शब्दमा (x) चिह्न लगाउनुहोस् :

सही शब्द : केक एक काकी इकु

| | | | |
|---|---|---|---|
| केक | ☐ | कके | ☐ |
| कए | ☐ | एक | ☐ |
| काकी | ☐ | कीका | ☐ |
| कुइ | ☐ | इकु | ☐ |

## 'कोसेली' पाठमा प्रयोग भएका मात्रा नलागेका र मात्रा लागेका क वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।

## थोप्लामा रेखा तानी रङ भर्नुहोस् :





## लेख्नुहोस् र पढ्नुहोस् :

| क | का | कि | की | कु | कू | कृ | के | कै | को | कौ | कं | कः |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ........ | ........ | ........ | ........ | ........ | ........ | ........ | ........ | ........ | ........ | ........ | ........ | ........ |

| काका | काकी | काकु | केक | इकु |
|---|---|---|---|---|
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |
| ................. | ................. | ................. | ................. | ................. |

निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) चित्रको नाम भन्नुहोस् र रातो रङमा लेखिएका वर्ण पढ्नुहोस् :



किताब



केरा



कौवा



कृषक



कुकुर

(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :



(ग) पढेर सुनाउनुहोस् :

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क | का | कि | की | कु | कू | कृ | के | कै | को | कौ | कं | कः |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| का | कु | के | की | कू | कृ | कं | कै | कः | कौ | क | को | कि |

(घ) लेख्नुहोस् र पढ्नुहोस् :

इकु → इ, कु

आए → ☐, ☐

का, की → ☐

ए, क → ☐

(ङ) **पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

कमललाई किताब किन्नु थियो । उनी कृष्ण दाइको पसलमा गए । उनले कंस र कृष्णाको कथा भएको किताब किने । बहिनीका लागि कैँची पनि किनिदिए । कमल सामान झोलामा राखेर घर फर्के ।


(अ) **कमललाई के गर्नु थियो ?**
(आ) **कमलले कस्तो किताब किने ?**
(इ) **कमलले बहिनीलाई के किने ?**
(ई) **कमल किताब किन्न कहाँ गए ?**

(च) **छुटेका वर्ण लेख्नुहोस् र पढ्नुहोस् :**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | का | .......... | .......... | कु | .......... | .......... |
| .......... | .......... | .......... | कं | .......... | कृ | |

(छ) **चित्र हेरी खाली ठाउँमा मिल्ने वर्ण लेख्नुहोस् :**

............लम 

............ताब 

............ग 

............कुर 

(ज) **लेख्नुहोस् र पढ्नुहोस् :**

काका आए । काकी आइन् । इकु आऊ । एक आए ।

..........................................................................................................



शिक्षकको हस्ताक्षर : .................. अभिभावकको हस्ताक्षर : ..................

विषयक्षेत्र

# हाम्रो सिर्जना

## पाठ १४

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### खरायो र खसी

खरायो त खसीको, बगैँचामा चरेछ
खरायो र खसीको, खटपट परेछ
खसी खुबै करायो, परे जस्तै असिना
खरायोले निकाल्यो, खलखली पसिना

खसी दाजु माफी पाऊँ, थोरै खर खा'को हुँ
हजुरीलाई खजुरी, दिन भनी आ'को हुँ
खरायोको कुराले, खसी आयो हाँसेर
मिली खाए खजुरी, खोरियामा बसेर ।

खा'को  खाएको  आ'को  आएको  खोरिया

चित्र हेरी वर्णन गर्नुहोस् :



## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

खसी 

खरायो 

ख

खल 

खजुरो 

## थोप्लामा रेखा तान्नुहोस् :

ख

मेरो

## सुन्नुहोस् र शब्द भन्नुहोस् :



### खुमाको खाना

खाना खाने बेला भयो । खुमा खेलेर आइन् । हातखुट्टा धोइन् । "तिमी खाना नखाने ?" आमाले सोध्नुभयो । "तपाईं धेरै पिरो हाल्नुहुन्छ । म आज खाना खान्नँ । खाजा पनि खान्नँ ।" खुमाले मुख खुम्च्याएर भनिन् । "आज मैले खास खानेकुरा बनाएकी छु । खिर र खिचडी ।" आमाले भन्नुभयो । आमाको कुरा सुनी खुमा खुसी भइन् । खिर र खिचडी खुरुखुरु खान थालिन् ।

खाना | खाट | खाजा | खिचडी | खुरुखुरु

## 'खुमाको खाना' पाठ शिक्षकले पढेको सुनेर उत्तर भन्नुहोस् :

(क) कसले धेरै पिरो हाल्नुहुन्छ ?

(ख) खुमाले के के खाइन् ?

(ग) खुमाले खाना खाइसकेपछि के गरिन् होला ?

(घ) खुमाले के के गरिन् ? क्रम मिलाएर अङ्क लेख्नुहोस् ।

१    २    ३

खुमा खेलेर आइन् । ☐     हातखुट्टा धोइन् । ☐

खुमाले खिर खाइन् । ☐

## पढेर साथीलाई सुनाउनुहोस् :

काकाको के छ ? - काकाको कोख छ ।

काकीको के छ ? - काकीको काख छ ।

मेरो के छ ? - मेरो उखु छ ।

## हेर्नुहोस् र मिल्ने मिल्ने वर्णमा गोलो (O) घेरा लगाई शब्द भन्नुहोस् :

एक, खाई, खाऊ, काख, काकी, खाकी, खोकी, खोक, उखु

| | | | |
|---|---|---|---|
| ए | खा | ऊ | खो |
| क | ई | की | क |
| खो | का | ख | खा |
| खा | की | उ | खु |

## सुन्नुहोस् र शब्द भन्नुहोस् :



### खेतमा खेताला

खेतमा खेताला थिए । खुमा खेतमा गइन् । "तिमी पढेर के बन्ने ?" खेतालाले आलीमा बसेर खुमालाई सोधे । "मसित धेरै खेलौना छन् । मलाई खेल मन पर्छ । म त फुटबल खेलाडी बन्ने हो ।" खुमाले भनिन् । खुमाको कुरा सुनेर खेताला खुसी भए ।

खेत | खेताला | खेलौना | खुसी | खेलाडी

## सही शब्दमा ठिक (✓) र बेठिक शब्दमा (x) चिह्न लगाउनुहोस् :

सही शब्द : काख | कोख | मेरो | होइन

| | | | |
|---|---|---|---|
| खका | ☐ | काख | ☐ |
| कोख | ☐ | खको | ☐ |
| रोमे | ☐ | मेरो | ☐ |
| इनहो | ☐ | होइन | ☐ |

## लेख्नुहोस् र पढ्नुहोस् :

का + खी → काखी

खो + क → ☐

उखु → ☐ ☐

खाऊ → ☐ ☐

## सुन्नुहोस् र शब्द भन्नुहोस् :

# खैरो खरायो



खैरो खरायोलाई खोकी लाग्यो । उसले ठुलो आवाजमा खोक्यो । यति ठुलो खोकी कसको होला ? खरायोको गाउँभरि खैलाबैला भयो । खोलापारि सेतो खरायोको घर थियो । उसले पनि खोकीको आवाज सुन्यो । सेतो खरायोले जडीबुटी खोज्यो । उसले खैरो खरायोलाई जडीबुटी दियो । खैरो खरायोले जडीबुटी खायो । उसको खोकी निको भयो । खैरो र सेतो खरायो खोलावारि नै बस्न थाले । उनीहरू असल छिमेकी भए ।

**(क) खोलापारि कसको घर थियो ?** **(ख) को को असल छिमेकी भए ?**

## हेरेर सार्नुहोस् :

| ख | खा | खि | खी | खु | खू |
|---|---|---|---|---|---|
| ............ | ............ | ............ | ............ | ............ | ............ |
| खे | खै | खो | खौ | खं | खः |
| ............ | ............ | ............ | ............ | ............ | ............ |

इकु आऊ । उखु खाऊ । काख छ ।

................................. ................................. .................................

................................. ................................. .................................


इकु आए ।　　　　उखु खाए ।　　　　काख हो ।

.................................　　.................................　　.................................

.................................　　.................................　　.................................

'खैरो खरायो' पाठ पढी मात्रा नलागेका र लागेका ख वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।

थोप्लामा रेखा तानी रङ भर्नुहोस् ः



## पाठ १५

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### गीतको तालैमा



गगन र गणेशले, गितार बजाए
गीता अनि गीर्वाणलाई, खुबै नचाए ।
सबै मिली गाएको, गाना सुनेर
गमला र गोनु आए, खाना छोडेर ।
गाजल थियो आँखैमा, लाली ओठैमा
गमला र गोनु नाचे, गीतको तालैमा ।

चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

गणेश 

गमला 

ग

गधा 

गज 

## सुन्नुहोस् र भन्नुहोस् :



# गीताका आँखामा गाजल

गीता गाउँतिर जाँदै थिइन् । गणेशले सोधे, "ए गीता ! आँखामा गाजल लगाएर तिमी कता हिँडेकी नि !"

"म त मामाघर गएर फर्केकी ।"

"अनि गुलाफको फूल र गमला पनि बोकेकी छौ त ? कसले दिनुभएको हो ?"

"गोमा माइजूले दिनुभएको हो । गाईको गोठछेउमा गमला राख्ने ठाउँ छ । यो बिरुवा त्यहीँ रोप्छु ।" "ए, राम्रो रहेछ ! म पनि गितार बजाउँदै तिम्रो घरमा आउँला । अस्ति आउँदा त गौरी काकीले गाजर दिनुभएको थियो ।"

"अब आउँदा गाईको एक गिलास दुध दिउँला नि !" गीता मुस्काउँदै हिँडिन् ।

**(क) गीता कहाँ जाँदै थिइन् ?**

**(ख) गीताले मामाघरबाट के के ल्याइन् ?**

**(ग) गौरी काकीले गणेशलाई के दिनुभएको थियो ?**

## पढेर साथीलाई सुनाउनुहोस् :


काग आए । केक खाए ।काग गए । खाग आए ।खाग गए । गाई आए । उखु खाए । गाई गए । काग हो, उखु होइन । केक छ, उखु छैन ।

## हेर्नुहोस् र मिल्ने वर्णमा गोलो (O) घेरा लगाई शब्द भन्नुहोस् :

एक, आगो, गाए, गाई, गाऊ, उखु, खाऊ, काकी

| | | | |
|---|---|---|---|
| ए | गा | गो | गा |
| क | आ | ई | ऊ |
| उ | खु | का | की |
| गा | ए | खा | ऊ |

## सुन्नुहोस् र शब्द भन्नुहोस् :



### गुराँस र गुलाफ

गुफाअगाडि गुराँस आयो । नजिकै गुलाफको बोट पनि थियो । "तपाईँ कता जान लाग्नुभयो ?" गुलाफले सोध्यो । "म बजार जान लागेको हुँ ।" गुराँसले उत्तर दियो । "म पनि जान्छु है ।" भन्दै गुलाफ गुराँसको पछि लाग्यो । गुलाफ र गुराँस बजार गए । गेडागुडी किने । गुड पनि किने । गुलियो गुड पाएर गुराँस खुसी भयो । गेडागुडी पाएर गुलाफ पनि खुसी भयो ।

गुफा   गुराँस   गुलाफ   गेडागुडी   गुड

## लेख्नुहोस् र पढ्नुहोस् :

का + ग → काग

का + की → ______

ग + ए → ______

गा + ऊ → ______

खाग → ______ + ______

गाओ → ______ + ______

आगो → ______ + ______

गाई → ______ + ______

थोप्लामा रेखा तान्नुहोस् :

ग गा गि गी गु

ग गा गि गी गु

गे गै गो गौ हामी

गे गै गो गौ हामी

सुन्नुहोस्  र उत्तर भन्नुहोस् :



## गैरीखेतमा गोरु

गोठालाले गोठबाट गोरु फुकाए । गोरेटामा गोपी र गौरव भेटिए । गोठालाले गैरीखेतमा जाऔँ भने । गौरवले गोही हेर्न जाऔँ भने । गोपीले गैँडा हेर्न चिडियाखाना जाऔँ भने । उनीहरूको गोजीमा पैसा थिएन । गौरव र गोपी पनि गोठालासित गैरीखेत गए ।

(क) गोरु कसले फुकाए ?

(ख) गोरेटामा को को भेटिए ?

(ग) गौरवले के हेर्न जाऔँ भने ?

(घ) उनीहरू गोठालासित कहाँ गए ?

## हेरेर सार्नुहोस् :

काग आऊ । ..............................................


केक खाऊ । ..............................................

गाई आऊ । ..............................................

उखु खाऊ । ..............................................

काकाकाकी आए । ..............................................

## थोप्लामा रेखा तानी रङ भर्नुहोस् :



## पाठ १६

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### घाम लाग्यो घमाइलो

घाम लाग्यो घमाइलो, घुम्न जाऔँ न
घडी हेर्दै घुमी घुमी, गीत गाऔँ न
घण्टाघरमा घन्टी बज्दा, घोडा दौडियो
घरबाट घुम ओढी, घैँटो निस्कियो ।
घनश्यामले घुटुघुटु, पानी पिएछन्
घमराजले घोडालाई, घैला दिएछन्
घाँस काट्न घोरल हिँड्यो, घाँटी छोपेर
घोराहीबाट घनु आए, घिउ बोकेर ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



### चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

घडी 

घर 

घ

घन्टी 

घिरौंला 

थोप्लामा रेखा तान्नुहोस् :

घ घा घि घी तिमी

घ घा घि घी तिमी

सुन्नुहोस्  र उत्तर भन्नुहोस् :

## घनश्याम काकाको घडी



घनश्याम काका घरबाट बाहिर निस्किए । चर्को घाम लागेको थियो । उनी घोडामा चढे । घैयाबारीमा गए । एकछिन घुमघाम गरे । घडी हेरे । घनश्याम काका आत्तिए । उनी घरी यता घरी उता गर्न थाले । उनले घाँटी छामे । घुँडा समाए । त्यही बेला घमराज त्यहाँ आइपुगे । घमराजले घनश्याम काका आत्तिएको देखे । उनले घटना बुझ्न खोजे । घमराजले सोधे, “के भयो घनश्याम काका ?” घनश्यामले भने, “हेर न घमराज, मेरो घडीमा त घण्टा सुई नै हराएछ !” घमराजले घडी हेरे । घडीमा बाह्र बजेको थियो । घमराजले हाँस्दै भने, “हे काका ! बाह्र बजे घण्टा सुई र मिनेट सुई एकै ठाउँमा हुँदैन त ?” घनश्याम काका हाँसे ।

(क) घोडामा को चढे ?

(ख) घनश्याम किन आत्तिए ?

(ग) घटना के भएको रहेछ ?

(घ) घण्टा सुई कसरी हराएको होला ?


(ङ) कुन काम पहिले भएको होला ? क्रम मिलाई १, २, ३ लेख्नुहोस् :

(अ) घनश्याम काका हाँसे । ☐

(आ) घनश्याम काका आत्तिए । ☐

(इ) घनश्याम घोडामा चढे । ☐

## जोडा मिलाउनुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| घे |  | घोडा | घौ |  | घडी |
| घै |  | घेरा | घं | | घौ |
| घो |  | घैला | घ | | घं |

## मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् र गोलो (O) घेरा लगाउनुहोस् :

एक, खाग, घोगो, घिउ, घाउ, घोक, काग

| | | | |
|---|---|---|---|
| का | खा | ख | ए |
| घो | ग | घो | क |
| घि | क | गो | घो |
| उ | घा | उ | क |

## सुन्नुहोस् र शब्द भन्नुहोस् :

### घाटु नाच



गाउँमा घाटु नाच थियो । घनश्याम घाँस काट्न गए । घाम अस्ताउने बेला भयो । ओहो ! घाटु नाच हेर्न ढिला हुन्छ । घनश्यामले घाँटी तानी तानी डाँडातिर हेरे । घाम अस्तायो । घनश्याम घाँसको भारी बोकेर गाउँ फर्किए । बेलुकी घाटु नाच हेर्न गए ।

घाटु घाँस घाम घाँटी

## लेख्नुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| अ + घि | घो + गा | खा + ए | खा + ओ |
| अघि | | | |
| काका | गाओ | घिउ | खाग |
| + | + | + | + |

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

काग आए । इकु आए । गाई आए । घोगा खाए । कागअघि गाई आए । उखु खाई गाई अघाए । इकु आई घिउ खाए । इकु अघाए ।

## चित्रको नाम भन्नुहोस् र सुरुको वर्ण लेख्नुहोस् :



..............डी


.............. डा


............. म


............. गा

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### घैला

घोडानजिक घैला छ । घैलानजिक घनश्याम उभिएका छन् । छानामुनि मकैको घोगा छ । घनश्यामले घोचा ल्याए । घोचाले घोगा झिके । मकैका घोगा घोडालाई दिए । उनी घोडा चढी घोरल हेर्न हिँडे ।

(क) घैला कहाँ छ ?

(ख) घनश्यामले किन घोचो ल्याए ?

(ग) घोगा कसलाई दिए ?


‘घनश्याम काकाको घडी’ पाठमा प्रयोग भएका मात्रा नलागेका र लागेका ख, ग, घ वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।

सार्नुहोस् र पढ्नुहोस् :

| घ | का | गि | खु | के | गै | खौ |
|---|---|---|---|---|---|---|
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ | ............ | ............ | ............ |

| घाउ | घिउ | घोगा | कोख | तिमी |
|---|---|---|---|---|
| ............ | ............ | ............ | ............ | ............ |
| ............ | ............ | ............ | ............ | ............ |

थोप्लामा रेखा तानी रङ भर्नुहोस् :



## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द पढ्नुहोस् :** काख, गाई, आगो, घोगा

**(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :**



**(ग) पढेर सुनाउनुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख | गा | गि | गी | खु | गू | गे | गै | खो | गौ | खं | गः |
| ग | गा | घि | खी | गु | घू | खे | गै | घो | खौ | गं | घ |

**(घ) लेख्नुहोस् र पढ्नुहोस् :**

खो + की → खोकी

गाऊ → ____ + ____

घो + गो → ____

अ + घा + ए → ____

**(ङ) पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

खरायोले भाँडामा खिर पकायो । खिरमा गाईको घिउ हाल्यो । गिलासले चिनी हालेर घोल्यो । गैरीखेत र खोरियाका खरायोहरू पनि आए । उनीहरू गोलो घेरामा घुमे । एउटा खरायोले खिर बाँड्यो । सबैले गजरामा बसेर खाए । गीत गाए । घाम अस्ताएपछि घर फर्के ।

(अ) खरायोले खिरमा के हाल्यो ?      (आ) खरायोहरू कहाँ बसे ?

(इ) खरायोहरू कतिखेर घर फर्के ?

## (च) छुटेका वर्ण लेख्नुहोस् र पढ्नुहोस् :

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख | खा | .......... | खी | .......... | ु | .......... | .......... | .......... | .......... | खं | खः |
| ग | .......... | गि | .......... | गु | .......... | .......... | गै | .......... | गौ | .......... | .......... |
| घ | घा | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | घः |

## (छ) शब्द पढ्नुहोस् र तालिकामा ती शब्द खोजी गोलो (O) घेरा लगाउनुहोस् :

एक, खाई, खाऊ, खाए, काख, काकी, खाकी, खोकी, खोक, उखु

| | | | |
|---|---|---|---|
| ए | खा | ऊ | को |
| क | ई | की | क |
| खा | का | खो | की |
| ए | ख | उ | खु |

## (ज) तलका वाक्य पढेर लेख्नुहोस् :

गाई आए । घोगा खाए । कागअघि गाई आए । उखु खाई गाई अघाए । इकु आई घिउ खाए ।

.............................................................................................................................................

.............................................................................................................................................

 शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# रुचि र बानी

## पाठ १७

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### ङ्याउरो

ङ्यार्र गर्छ ङ्याउरो
नङ्ग्र्याउँछ फ्याउरो
उफ्री हिँड्दा ढ्वाङमा
ङ्याउरो खस्यो झाङमा ।

चना खान्छ फ्याउरो
चाचा ल्याउँछ ङ्याउरो
लिची चिउरा देखेर
ङ्याउरो आयो कुदेर ।



चित्र हेरी वर्णन गर्नुहोस् :



## चित्रको नाम भनी ङ र च वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

पलङ 

ङ

नङ 

चुरा 

च

चोलो 

## थोप्ला रेखा तान्नुहोस् :

ङ ङि च चु चो

ङ ङि च चु चो

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### आँप

मैले नयाँ काइँयो किनेँ । काइँयोले कपाल कोरेँ । बहिनीको कपाल कोरिदिएँ । बगैँचामा हिँडेँ । त्यहाँ धेरै काँडा थिए । खुट्टामा काँडा बिझ्यो । मैले आँसु खसाएँ । म दायाँतिर गएँ । काँक्रो र आँप टिपेँ । काँक्रो खाएँ । बायाँतिरको चउरमा गएँ । त्यहीँ बसेँ । बहिनी आई । आँप देखेर बहिनी हाँसी । म पनि हाँसेँ ।

(क) मैले केले कपाल कोरेँ ?

(ख) बहिनी किन हाँसी ?

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ङ | ङा | ङि | ङी | ङु | ङू | ङे | ङै | ङो | ङौ | ङं | ङः |
| च | चा | चि | ची | चु | चू | चे | चै | चो | चौ | चं | चः |




## तलका शब्दबाट वाक्य बनाएर भन्नुहोस् :

जस्तै : आँखा– म आँखाले हेर्छु ।

| | | | | |
|---|---|---|---|---|
| आँखा | आएँ | खाएँ | अघाएँ | गएँ |
| चक | चाङ | कैँची | चौकी | चोखो |

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) म ............................................. । (आएँ, गएँ, अघाएँ)

(ख) हामी ............................................. । (खाऔँ, आऔँ, अघाऔँ।)

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

# चौतारो

आज मङ्गलबार हो । ङिमा बिहानै उठी । उसले हातका नङ काटी । हातमा चुरा लगाई अनि चौतारातिर लागी । चौताराबाट चुचुरो छर्लङ्ग देखिएको थियो ।




चौतारोछेउमा चन्द्र दाइको पसल थियो । उसले पसलमा चामल र चिनी किनी । चना र चकलेट पनि किनी । ऊ हतार हतार घर फर्की । चोकमा साथीहरू पनि थिए । उसकी मिल्ने साथी चाँदनी पनि खेल्दै थिई । साथीसँगै उसको पाङ्ग्रे कुकुर पनि खेल्दै थियो । ङिमालाई देखेर पाङ्ग्रेले पुच्छर हल्लायो । ङिमा पाङ्ग्रेलाई लिएर घर फर्की । उसले एकछिन पढी । खाना खाएर ङिमा विद्यालयतिर लागी ।

**(क) पसल कसको हो ? भन्नुहोस् :**

**(अ) ङिमा (आ) चन्द्र दाइ (इ) चाँदनी**

**(ख) पाङ्ग्रेले किन पुच्छर हल्लायो ?**

**(ग) ङिमा के के लिएर घर फर्की ?**

**(घ) ङिमाले बिहानदेखि के के गरिन् ? क्रमैसँग भन्नुहोस् ।**

**शब्दमा भएको सुरुको वर्णमा लागेका मात्रासँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| ा | चूर्ण |
| ि | चाकु |
| ी | चित्र |
| ु | ङेकुबाजा |
| ू | चीन |
| े | चोक |
| ो | डुरडुर |

## खाली ठाउँमा वर्ण लेखी शब्द बनाउनुहोस् :

१. चकटी

२. चरा

४. कचौरा

३. कुचो

५. चिया

| | | |
|---|---|---|
| १ | क | टी |
| | ४ | |
| २ | रा | |
| | | कु |
| | | ३ |
| | ५ | |
| | या | |

## लेख्नुहोस् र पढ्नुहोस् :

| काँ | चो | → | काँचो |
|---|---|---|---|
| कैं | ची | → | |
| चौकी | → | | |
| चोखो | → | | |

## तलका शब्दहरू पढी ठिक भए (✓) र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

सही शब्द : चुक चोक चौकी धेरै

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कचु | ☐ | चुक | ☐ | चको | ☐ | चोक | ☐ |
| कीचौ | ☐ | चौकी | ☐ | रैधे | ☐ | धेरै | ☐ |

## जस्ताको तस्तै सार्नुहोस् :

ऋचा आई । चाकु खाई । ऋचा अघाई । ऋचा गई ।

..................................................................................................


..................................................................................................

सार्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ङ | ङि | ङी | ङु | ङे | ङो |
| ............ | ............ | ............ | ............ | ............ | ............ |

| | | | | | |
|---|---|---|---|---|---|
| च | चा | चि | चु | चे | चौ |
| ............ | ............ | ............ | ............ | ............ | ............ |

थोप्लामा रेखा तानी रङ भर्नुहोस् :



## पाठ १८


सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### छङछङ गर्ने खोला

छङछङ गर्ने खोलामा
छरछर गर्ने झरना
झाङमा छाता लुकाई
छल्न खोजी मलाई ।
पिऊँ पिऊँ जल यो
जरुवाको जल हो
छहरा र छाँगामा
जल चरी हाँगामा ।



चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

छाता 

छ

छेपारो 

जाँतो 

ज

जहाज 

थोप्लामा रेखा तान्नुहोस् :

छ छा छि छी थोरै

छ छा छि छी थोरै

ज जा जि जु सानो

ज जा जि जु सानो

सुन्नुहोस् र उत्तर भन्नुहोस् :



## छानामा छाउरो

पाङ्ग्रे छानामाथि चढ्यो । छाउरालाई बोलायो । छानामा ङ्याउरो पनि थियो । उसले ङ्याउँङ्याउँ गऱ्यो । छायाले छाउरालाई दुधभात दिइन् । छाउरो र पाङ्ग्रेले ङार्रङुर्र नगरी दुधभात खाए । छायाले छक्कबहादुरको कोठामा डेकुबाजा बजेको सुनिन् । छाया माथिल्लो तलामा गइन् । छायाले भनिन्, “कति राम्रो बजाएको छक्कबहादुर दाइ !” “धन्यवाद, ल अब तिमी बजाऊ ।” छक्कबहादुरले भने । छायाले बाजा बजाइन् । बाजा बजेको सुनेर छानाबाट छाउरो आयो ।

(क) पाङ्ग्रे कहाँ चढ्यो ? (ख) छायाले दुधभात कसलाई दिइन् ?

(ग) डेकुबाजा कसले बजाए ? (घ) छाउरो छानाबाट किन आयो ?

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :




## मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् र गोलो (O) घेरा लगाउनुहोस् :

घोगा, खाजा, गाऊ, जुका, आज, आगो, खाऊ, छाक, गज, चाख, काग, चौकी


| | | | | |
|---|---|---|---|---|
| चौ | की | जा | ग | ज |
| का | ग | ज | आ | गो |
| चा | ख | गा | ऊ | खा |
| छाँ | घो | खा | जा | ऊ |
| ख | जु | का | छा | क |

## तलका शब्दहरू पढी ठिक भए (✓) र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

सही शब्दहरू : चाङ, घोच, छाक, गिजा, काग, जोख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| चाङ | ☐ | ङचा | ☐ | छाक | ☐ | कछा | ☐ |
| चघो | ☐ | घोच | ☐ | गिजा | ☐ | जागि | ☐ |
| गका | ☐ | काग | ☐ | जोख | ☐ | खजो | ☐ |

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### जुरेली र जुनार

जुरेलीले जुनार भेट्यो ।
जरायोले जेरी देख्यो ।
जुरेलीले जुनार चाख्यो ।
जरायोले जेरी चाख्यो ।
दुवैले छेउमा छहरा देखे ।
छहराका छिटा पर परसम्म छरिएका थिए । दुवैले छाता ओढे । भुइँमा छिपछिपे पानी थियो । जुरेली र जरायो छेउको छाप्रामा बसे । जुरेलीले जरायोलाई जुनार दियो । जरायोले जुरेलीलाई जेरी दियो । जरायोले भन्यो, "जुनार त मिठो रहेछ ।" दुवैले भने, "ल, अब अरू पनि मिठा खानेकुरा खोजौँ ।"

(क) जुनार कसले भेट्यो ?

(ख) जुरेलीले जरायोलाई के दियो ?

(ग) जरायोले जुरेलीलाई के दियो ?

## लेख्नुहोस् र पढ्नुहोस् :

छा + क → छाक

छे + को → ______

गा + छी → ______

चो + खो → ______

छु + क + छु + क → ______

छि + छि → ______

छे + उ → ______

## खाली ठाउँमा मिल्ने वर्ण लेख्नुहोस् :

..........रायो 

..........ता 

..........राफ 

..........री 

..........प 

..........ना 

## पढेर जस्ताको तस्तै सार्नुहोस् :

गाछीको छेउछाउ के छ ? गाछीको छेउ घोगो छ ।

..........................................................................................................................................................

..........................................................................................................................................................

आज काग आए । चिज खाए । गज आए । गाछीछेउ गए । काजी आऊ ।
खाजा खाई अघाऊ ।

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

## पाठ १९

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### झुम्के बुलाकी

झुम्के झोला बोकेर, हिँड्छिन् कमला
झालेमाले देखेर, कुद्छिन् बिमला ।
झिमझिम गर्दै परेली, आँखा खुलाकी
टलटल टल्किने, झुम्के बुलाकी ।
मञ्जु सारै चञ्चली, अञ्जु असल
पञ्च कुञ्ज मिलेर, जान्छन् पसल ।

चित्र हेरी वर्णन गर्नुहोस् :




चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

झण्डा 

झ

झिँगा 

झरना 

ञ

ञ

थोप्लामा रेखा तान्नुहोस् :

झ झा झि ञ ठुलो

झ झा झि ञ ठुलो

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## झिलिमिली



रङ्गशालामा रमाइलो थियो । चारैतिर विभिन्न देशका झन्डा गाडिएका थिए । बिजुली बत्ती चमचम चम्केका थिए । मैदानमा बिजुली चम्के जस्तो झल्याकझुलुक देखिन्थ्यो । झारपात केही थिएन । एकैछिनमा एक हुल मानिस आए । कोही झ्याइँझ्याइँ बाजा बजाउँदै गाउन थाले । कसैले पन्चै बाजा बजाए । केही झोला बोकेर नाच्न थाले । आकाशमा आतसबाजीले झिलिमिली भयो । सबै झसङ्ग हुने गरी ठुलो आवाज आयो । एकैछिनमा खेलकुद प्रतियोगिता सुरु भयो ।

(क) के चम्केका थिए ?

(ख) मानिसले कसरी गीत गाए ?

(ग) आतसबाजी किन गरियो ?

## शब्दलाई वाक्य बनाएर लेख्नुहोस् :

झुक ……… ऋचा झुक ।……………………………………

झाङ ……………………………………………………

झिँगा ……………………………………………………

झिकाए……………………………………………………

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

आज आङी आई । खाजा झिकाई । खाजा खाई । घिउ झिकी । घिउ खाई । आङी अघाई । आङी गई । जुका आए । काजीछेउ गए । म आएँ । खाजाछेउ गएँ । चाकु खाएँ ।

## वर्ण र मात्रा मिलाई लेख्नुहोस् :

| वर्ण / मात्रा | च | छ | ज | झ |
|---|---|---|---|---|
| ि | चि | | | |
| ु | | | | |
| े | | | | |
| ो | | | | |
| ौ | | | | |


खाली ठाउँमा मिल्ने वर्ण लेख्नुहोस् :

झु झा झि झो झ

| | | | | |
|---|---|---|---|---|
| ………न्डा | ………रना | ………रपात | ………लिमिली | ………क |
| ………ल | ………ला | ………कार | ………ङ | ………पडी |

वर्ण भरेर पढ्नुहोस् र सुनाउनुहोस् :

| | |
|---|---|
| जग | घडी |
| छुचो | चुचो |
| झुक | काग |
| जुँगा | चौकी |
| चिज | झाङ |




सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## जात्रा हेर्न जाँदा

जीवन आमासित जात्रा हेर्न गयो । जात्रामा उसले धेरै कुरा देख्यो । अग्लो जिराफ देख्यो । टाटेपाटे जेब्रा देख्यो । जुनारको बोट देख्यो । खरानी घसेर बसेको जोगी देख्यो । जालमा थुनिएको जुरेली देख्यो । अरू सबै देखेर जीवन रमायो । जुरेली चरालाई जालमा देखेर जीवन दुःखी भयो ।



(क) जीवनले जात्रामा के के देख्यो ? (ख) जीवन किन दुःखी भयो ?

## सुन्नुहोस् र शब्द चिन्ने खेल खेल्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| आई | आऊ | आए | आएँ | |
| खाग | काकी | गाऊ | गाए | खाजा |
| | घाउ | गोजी | आगो | घोगो |
| चुचो | कैंची | चोखो | चौकी | छाई |
| | छाऊ | | चाखी | आडी |

(१)

| | | | | |
|---|---|---|---|---|
| काका | आई | | आए | आऊ |
| गाऊ | काकी | गए | खाग | खाजा |
| घोगो | काग | गोजी | आगो | |
| | चौकी | छाई | चुचो | चोखो |
| छाऊ | चाखी | | गाछी | |

(२)

## चित्र हेरी उत्तर भन्नुहोस् :



(क) कुखुरा र चल्ला के गर्दै छन् ? (ख) कतिओटा पाठा दुध खाँदै छन् ?

(ग) बालबालिका के गर्दै छन् ?

## कापीमा सार्नुहोस् :

आज आडी आई । खाजा झिकाई । खाजा खाई । घिउ झिकी । घिउ खाई । आडी अघाई । आडी गई । जुका आए । काजीछेउ गए । म आएँ । खाजाछेउ गएँ । चाकु खाएँ ।

## 'झिलिमिली' पाठमा प्रयोग भएका च, छ, ज, झ वर्णलाई गोलो (O) गोलो घेरा लगाउनुहोस् ।

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द पढेर सुनाउनुहोस् :**

आँखा, उङ, चुक, गाछी, खोज, काजी, जुँगा, झकिझकाउ

**(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :**



**(ग) पढेर सुनाउनुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| च | चा | चि | ची | चु | चू | चे | चै | चो | चौ | चं | चः |
| छ | छा | छि | छी | छु | छू | छे | छै | छो | छौ | छं | छः |
| झ | जा | छि | ची | छु | जू | झे | जै | छो | चौ | छं | जः |

**(घ) वर्ण छुट्याएर र जोडेर लेखी पढ्नुहोस् :**

आएँ → ☐ ☐

काँचो → ☐ ☐

झि + का + ए → ☐

छु + क + छु + क → ☐

**(ङ) पढेको सुनेर प्रश्नको उत्तर भन्नहोस् :**

पञ्च र ङिमा चउरमा खेल्दै थिए । जुनु, चिना र झुमा पनि आए । पञ्चकी छोरीले तेल र पिठो ल्याई । चोलेन्द्रले ताई, झाँझर र झिर ल्याए । चेतनले जारमा पानी ल्याए । उनीहरूले झाडीको छेउमा चुलो बनाए । आगो बालेर तातो तातो जेरी पकाएर खाए ।

(क) पञ्च र ङिमा के गर्दै थिए ? (ख) चउरमा अरू को को आए ?

(ग) चउरमा के खाए ? (घ) ताई झाझर र झिर किन ल्याएको होला ?

**(च) छुटेका वर्ण लेखेर पढ्नुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| च | चा | .......... | .......... | चु | .......... | .......... | .......... | चो | .......... | .......... | चः |
| छ | .......... | .......... | .......... | .......... | छू | .......... | छै | .......... | छौ | .......... | .......... |
| ज | .......... | जि | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | जः |
| झ | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | .......... | झः |

**(छ) वाक्यमा भएका ङ, च, छ, ज, झ वर्ण र मात्रा पत्ता लगाई गोलो (O) घेरा दिनुहोस् :**

आज मङ्गलबार हो । ङिमा बिहानै उठी । उसले हातका नङ काटी । हातमा चुरा लगाई अनि चौतारातिर लागी । चौतारामा छाता ओढेर जितकुमारी पनि आइन् । उनले जुत्ता खोलेर आसनमा बसिन् । झरना पनि आइन् । झरनाले झोलाबाट झुम्का झिकिन् । झुम्का ङिमा र जितकुमारीलाई देखाइन् । सबैले भने, “आहा ! कति राम्रो झुम्का !”

**(ज) वाक्य पढेर लेख्नुहोस् :**

आज आङी आई । खाजा झिकाई । खाजा खाई । घिउ झिकी । घिउ खाई । आङी अघाई ।

.......................................................................................

.......................................................................................

 शिक्षकको हस्ताक्षर : ................. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो संस्कृति

## पाठ २०

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

**जन्मदिन मनाऔँ**

टपरीमा मिठाई
सबै साथी भेट्टाई
टिङटिङ घन्टी टेलिफोन
टङ्क दाइले गरे हुन् ।
अँध्यारामा टुकी छ
टाउकामाथि टोपी छ
टहरामा रमाऔँ
जन्मदिन मनाऔँ ।
ठमठम हिँडेर
मामाघर पुगेर
राम्रा नाना लाउने हो
कुरा गर्दै आउने हो ।



### चित्र हेरी वर्णन गर्नुहोस् :



सुन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

(ट)परी
टोपी
टुकी

ट ठ

(ठ)डेउरो
ठेलागाडा
ठिटो

थोप्लामा रेखा तान्नुहोस् :

ट टि ठ ठु किन

सुन्नुहोस् र उत्तर भन्नुहोस् :



## टेकनाथ र ठाकुर


टेकनाथले टोपी लगाए । उनले टेलिफोन गरी ठाकुरलाई बोलाए । ठाकुर ठेलागाडा लिएर आए । ठाकुर र टेकनाथ बजारतिर लागे । बाटो ठाडो थियो । ठाकुरले टपरीमा टिमुर बोके । टोकरीमा टमाटर बोके । टेकनाथले ठेलागाडा ठेले । उनीहरू बजार पुगे । टेकनाथले टमाटर बेचे । ठाकुरले टिमुर बेचे । बजारमा ठिटाठिटी पनि आए । टेकनाथ र ठाकुरसँग भेटघाट गरे । ठाकुर र टेकनाथ घर फर्किए ।

(क) ठाकुर के लिएर आए ?

(ख) टिमुर कसले बेच्यो ?

(ग) टेकनाथ र ठाकुर किन बजार गए ?

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :




## शब्दलाई वाक्य बनाएर भन्नुहोस् :

काँटी, गोटी, गोठ, छिटा, केक, ठाउँ, ठकठक

जस्तै : काँटी ठोक ।


## शब्द र चित्रको जोडा मिलाउनुहोस् :

कोट

खाट

खाजा

ठेकी



## मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् र गोलो (O) घेरा लगाउनुहोस् :

ठिटा, टाटो, ठोक, जुठो, केटी, जुका, ठाउँ, टाठो, ठोकी, कीट, टका, कोट

| | | | | |
|---|---|---|---|---|
| ठा | ठि | क | घ | टा |
| उँ | टा | टो | जु | ठो |
| के | ठि | ठो | का | की |
| क | टी | क | को | ट |
| ठ | ग | ठ | क | का |

## सुन्नहोस् र भन्नुहोस् :

### छट्टु स्याल



एउटा छट्टु स्याल थियो । स्याल कुखुरा चोर्न गाउँमा छिऱ्यो । ऊ खोरनजिक आइपुग्यो । कुखुरा क्वारक्वार, कुर्रकुर्र गर्न थाले । स्यालले कुखुरा समात्न खोज्यो । ह्वाँङ ह्वाङ गर्दै पाङ्ग्रे कुकुर भुक्यो । छट्टु स्याल खम्बामा लपक्क टाँसियो । "बज्यै ! स्याल आए जस्तो छ । हिँड्नुहोस्, लखेट्न जाऔँ ।" अर्चनाले भनिन् । बज्यै र अर्चनाले लट्ठी र टर्च बोके । पाङ्ग्रे कुकुर भुक्दै पछि लाग्यो । अर्चनाले टर्च बालिन् । स्यालको आँखा त टलक्क टल्कियो । अर्चनाले स्याललाई लखेटिन् ।

छट्टु    लट्ठी    टर्च    टलक्क

## नमिल्ने शब्दमा गोलो (O) घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| कोट | टोक | कोट | कोट |
| टाटो | टाठो | टाटो | टाटो |
| ठिटा | ठिटा | टिठा | ठिटा |

चित्र हेरी मिल्ने वर्ण लेखेर खाली ठाउँ भर्नुहोस् :

..........की  ..........को  ..........उको 

..........ट  गो..........  ..........क 

'टेकनाथ र ठाकुर' पाठ पढी मात्रा नलागेका र मात्रा लागेका ट, ठ वर्ण चिनेर गोलो घेरा लगाउनुहोस् ।

सारेर पढ्नुहोस् :

जस्तै : टेक : को आए ? ........................................ को आए ?..........................................................

जग : केटाकेटी आए ।..........................................................................................

टेक : के ठटाए ? ..........................................................................................

जग : ठेकी ठटाए । ..........................................................................................

टेक : को गए ? ..........................................................................................

जग : ठिटाठिटी गए । ..........................................................................................

टेक : के लगाए ? ..........................................................................................

जग : टीका लगाए । ..........................................................................................

## पाठ २१

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :




### डमडम डमरु

डमडम डमरु, धिन्ताङ धिन्ताङ मादलु
डाँडापारि बादलु, आँखामा छ गाजलु
डाँफे चरी डालीमा, डोको राख आलीमा
ढाडे ढोका खोल्दै छ, टाढा ढोलक बज्दै छ ।

गणेशसँग गएर, गुणी ज्ञानी भएर
अणिमाले भनिछन्, ऋण दिनुस् हजुर
ऋण आगो जस्तो हो, बढ्न सक्छ ज्वाला भै
सारो गारो नपरी, ऋण लिनु हुन्न है ।

चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

(ड)मरु 

डालो 

डाडु 

ड ढ ण

(ढ)क 

ढेडु 

णकार

थोप्लामा रेखा तान्नुहोस् :

ड डा डि डी कुन

ड डा डि डी कुन

ढु ढे ढो ढौ कुन

ढु ढे ढो ढौ कुन

ण णा णि णु किन

ण णा णि णु किन

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

# डिका दिदीको बिहे




ढाकारामको घर डोटीमा छ । आज ढाकाराम र डिका दिदीको बिहे हो । बिहेमा गुण र अणिमा मोटरसाइकलमा आए । ढाकाराम जन्ती लिएर आए । हामी डाँडामा बस्यौँ । जन्ती डिलमा बसे । उनीहरूले गीत गाए । गाउँलेहरू रमाए । बिहे सकियो । दिदी गाडीमा बस्नुभयो । दिदी जान लाग्नुभयो । त्यति बेला भाइले भन्यो, "नाइँ, म लैजान दिन्नँ । म त दिदीलाई यहीँ राख्छु ।" सबै जना छक्क परे ।

(क) दिदीको नाम के हो ?

(ख) मोटरसाइकलमा को आए ?

(घ) पाठअनुसार कुन काम पहिले भयो ? क्रमशः १, २, ३, ४ नम्बर दिनुहोस् ।

( ) आज ढाकाराम र डिका दिदीको बिहे छ ।

( ) सबै छक्क परे ।


( ) ढाकाराम जन्ती लिएर आए ।

( ) जन्तीले गीत गाए ।

## तपाईँलाई कस्तो लागेको थियो ? बताउनुहोस् :

तपाईँले बिहे भएको देख्नुभएको छ ? छ भने त्यहाँ पनि यस्तै भएको थियो ? तपाईँलाई त्यस बेला कस्तो लागेको थियो र किन ?

पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :





मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् र गोलो (O) घेरा लगाउनुहोस् :

डाका, ढुटो, ढिँडो, काँडो, ठुटो, डाक, ढिकी, काँडा, कडा, जाडो, कण, ढेडु

| | | | | |
|---|---|---|---|---|
| डा | ढि | की | डि | ड |
| का | डो | डा | क | म |
| जा | ढे | डु | डा | ड |
| ढु | टो | काँ | क | म |
| ठु | ढिँ | डो | ण | ढ |

'डिका दिदीको बिहे' पाठमा मात्रा नलागेका र लागेका ड, ढ, ण वर्ण चिनी गोलो (O) घेरा लगाउनुहोस् ।

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### ढेड्डु

ढाकारामले ढेड्डुको कथा सुनाए । एउटा ढेड्डु आयो । घरभित्र पस्यो । दराजको ढोका खोल्यो । दराजमा लिपिस्टिक देख्यो । गालामा दल्यो । टीका भेट्यो । नाकको टुप्पामा लगायो । पाउडर भेट्यो । टाउकाभरि लगायो । गाजल भेट्यो । निधारभरि दल्यो । उसले एउटा छडी लियो । ऊ छडी टेकेर हिँड्यो । ढेड्डु ढिकीमा गएर बस्यो । ढेड्डुलाई देखेर सबै हाँसे ।

**(क) कसले टीका भेट्यो ?**

**(ख) लिपिस्टिक कहाँ दलेछ ?**

**(ग) सबै जना किन हाँसे ?**

## पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| ढो + का | ढे + ड्डु | ढिकी | ढाड |
| ढोका | ........ | ........ + ........ | ........ + ........ |

## शब्दलाई वाक्य बनाएर भन्नुहोस् :

डोको : ..........................................................

डाड्डु : ..........................................................

ढिकी : ..........................................................

ढोका : ..........................................................

गुण : ..........................................................

## सुन्नुहोस्, ठिक वाक्यमा (✓) र बेठिक वाक्यमा (X) चिह्न दिनुहोस् :

| नमिलेका वाक्य | | मिलेका वाक्य | |
|---|---|---|---|
| ऊ आउनुभयो । | ☐ | उहाँ आउनुभयो । | ☐ |
| म काम गर्छ । | ☐ | म काम गर्छु । | ☐ |
| तपाईं आयो । | ☐ | तपाईं आउनुभयो । | ☐ |

## सुन्नुहोस् र भन्नुहोस् :

### देश

ढाका टोपी शिरमाथि, ढल्काएर हिँड्ने
दौरासुरुवाल पटुकी, झनै सुहाउने
तराईबाट फेटा बाँधी, पहाडमा चढ्छौं
ढोलक बोकी हिमालमा, ढुक्कसँग बढ्छौं ।
चौबन्दी र फरियाले, सजाउँदै देश
घाँघर र घलेकले, चिनाउँदै देश
ढिँडो खान्छौं ढिकी कुट्छौं, बख्खुदोचा लाई
ढाकर बोक्छौं रोक्न कसले, सक्छ हामीलाई ?



## वर्ण थपेर शब्द बनाउनुहोस् :

डा ढो डो ढा टा ढ ढि टि डा डाँ

............क ............का ............को ............ ड ............टो

च............ ............का ............की ............डु ............डो

## कापीमा सार्नुहोस् :

गैंडा आए । गाडी गुडाए । डाडु झिक । खिचडी खाऊ । ढुकु खाऊ । गेडागुडी खाऊ । चाँडो आऊ । ढकु आए । खिचडी पकाए । डाडु मगाए । मजाले खाए । अणको गाडी छ । गुणको डोको छ । अणको डोको छैन । गुणको गाडी छैन ।

## पाठ २२

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



### हाम्रो तोरीबारी

तिमी हामी मिलेर, बाटो लागौँ न
घरभित्र गएर, थाल थापौँ न
तिहारमा तेलमा, सेल पाक्दै छ
मिठो तोते बोलीमा, भाइले डाक्दै छ ।
तिरमिर ताराले, मलाई भुलायो
हाम्रो फूलबारीले, थुँगा फुलायो
तोतेतोते बोलीमा, गीत गाउने हो
साथी साथी मिलेर, खेल्न आउने हो ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



### चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| तराजु |  | त | थपडी |  |
| तारा |  | | थर्मस |  |
| तौलिया |  | थ | थैली |  |

### थोप्लामा रेखा तान्नुहोस् :

त ता ति तु कसलाई

त ता ति तु कसलाई

थ था थि थु कसलाई

थ था थि थु कसलाई

### सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## ताराबाजी लै लै



तपन तराईमा बस्छन् । थिरनाथ थापाथलीमा बस्छन् । तनुजा ताप्लेजुङमा बस्छिन् । तपन, थिरनाथ र तनुजा तातोपानी गए । उनीहरूलाई थकाइ लाग्यो । थिरनाथ चौतारामा बसे । तपन

र तनुजा चउरमा बसे । त्यहाँ तारा, थममाया र तृष्णा थर्मस बोकी आए । थर्मसको चिया बाँडी खाए । ताराले तबला बजाइन् । थिरनाथ र तपनले ताली बजाए । तनुजा र थममाया नाचे । उनीहरू गाउन थाले, "ताराबाजी लै लै, मामा आए घोडा !"

**(क) तराईमा को बस्छन् ?** **(ख) थिरनाथ र तनुजा कहाँ गए ?**

**(ग) तारा र थममायाले कुन गीत गाए ?**

## तलका शब्दलाई वाक्य बनाई भन्नुहोस् :

गीत, खेत, तातो, तितो, थिच, थुक, थुँगा, थेग

जस्तै : तारा गीत गाऊ ।

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

ओखती तितो छ । खाजा तातो छ । जाँतोछेउ थुँगा छ । आज तिथि छ । आज एक थोक खाएँ । डोकोअगाडि छाता छ । छाता झिक, ओड । गण आए । तेते झिके ।

## मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् र गोलो (O) घेरा लगाउनुहोस् :

थिचो, तितो, कति, थुँगा, थुक, तिखो, टीका, थुकी, कटी

| | | | | |
|---|---|---|---|---|
| थि | च | न | गो | तु |
| चो | उ | थे | गा | घा |
| ति | ख | थुँ | की | थ |
| तो | टो | थु | क | ज |
| क | ति | खो | टी | का |

## खाली ठाउँमा मिल्ने वर्ण लेखी शब्द बनाउनुहोस् :

त ता ति ती ते तै तौ क च गा ग तु

| | | | |
|---|---|---|---|
| गी.......... | ..............तो | .......... ज | ओख.......... |
| ..........ल | जतात.......... | ..........लिया | था.............. |
| थि.......... | थुँ.............. | थे............ | ..............नो |

## सुन्नुहोस् र भन्नुहोस् :

### थकालीको भान्सा

थकालीको भान्सा छ । भान्सामा ठुला ठुला थाल छन् । थाल थामनजिक छन् । थालमा थरीथरी खाना छन् । खाना खानुअगाडि सबैले थपडी बजाए । थपक्क बसेर खाना खाए ।

**थकाली** **थाल** **थाम** **थरीथरी** **थपडी**

## पढ्नुहोस् र नमिल्ने शब्दमा गोलो (O) घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| तितो | (तितो) | तातो | तितो |
| गीत | गित | गीत | गीत |
| थोक | ठोक | थोक | थोक |
| थुक | कुथ | थुक | थुक |
| खाजा | खाजा | ताजा | खाजा |

## चित्र हेरेर नाम लेख्नुहोस् :


..............................


..............................


..............................


..............................


..............................

**कापीमा सार्नुहोस् र पढ्नुहोस् :**

ओखती तितो छ । ताजा खाजा खाऊ । छाता तिखो छ ।

**सुन्नुहोस् र वर्ण चिन्ने खेल खेल्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| | डा | डे | ठ | ढो |
| तु | ण | थ | | तै |
| | टो | | ठे | थे |
| ढो | ते | डौ | ता | टै |
| ढा | डु | ती | | ठि |


(१)

| | | | | |
|---|---|---|---|---|
| टा | डे | | ढो | |
| थ | तु | ण | द | तै |
| ढै | ठो | डे | | थे |
| | डौ | ता | टै | ते |
| ढा | थौ | | ती | |

(२)

**'डिका दिदीको बिहे' र 'ताराबाजी लै लै' पाठमा प्रयोग भएका ट, ठ, ड, ढ, ण, त, थ वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।**

**थोप्लामा रेखा तानी रङ भर्नुहोस् :**



## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) शब्द पढेर सुनाउनुहोस् :**

चकटी, ठेकी, गोठ, झाडु, ढिँडो, अणिमा, छाता, खेत, ओखती, थिच

**(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :**



**(ग) पढेर सुनाउनुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ट | टा | टि | टी | टु | टू | टे | टै | टो | टौ | टं | टः |
| ठ | ठा | ठि | ठी | डु | डू | डे | डै | ढो | ढौ | ढं | ढः |
| त | ता | थि | थी | दु | दू | धे | धै | नो | नौ | नं | नः |
| ट | ठा | डि | ढी | तु | थू | द | धै | नो | नौ | नं | नः |

**(घ) ठिक शब्दमा (✓) र बेठिक शब्दमा (x) चिह्न लगाउनुहोस् :**

डोको ☐ कोडो ☐ केटा ☐ टाके ☐ ठाको ☐ कोठा ☐
ढुटो ☐ टोढु ☐ झाडु ☐ डुझा ☐ तिज ☐ जति ☐
छाता ☐ ताछा ☐ ओखती ☐ तीखओ ☐

**(ङ) पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

टपरामा ढकने थियो । ठुलेले ताप्केमा ढकने ततायो । डाडुले ठेकीको दही

झिक्यो । तोरीको तातो तेलमा पापड फुरायो । थालमा सबै खानेकुरा राख्यो । ढिकीछेउमा घोप्ट्याएको डोकामाथि बसेर खायो । ढोका ढप्क्यायो । गणेशलाई बोलाएर ढेडु धपाउन ठोट्नेघारीतिर लाग्यो ।

(अ) ठुलेले केमा ढकने ततायो ?

(आ) दही केमा थियो ?

(इ) डोको कहाँ राखिएको थियो ?

(ई) ठुलेले के के खायो ?

**(च) छुटेका वर्ण लेख्नुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ट | .......... | टि | .......... | .......... | टू | टे | .......... | .......... | टौ | .......... | .......... |
| .......... | ठा | .......... | .......... | ठु | .......... | .......... | .......... | .......... | ठौ | .......... | .......... |
| त | .......... | ति | .......... | .......... | तू | .......... | तै | .......... | .......... | तं | .......... |
| थ | .......... | .......... | थी | .......... | .......... | .......... | थै | .......... | .......... | .......... | .......... |

**(ज) वाक्य पढेर खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

ओखती तितो छ । ताजा खाजा खाऊ । छाता तिखो छ । गुणको गाडी छैन ।

(अ) ओखती ..................... छ ।

(आ) ताजा खाजा .....................।

(इ) छाता तिखो..................... ।

(ई) गुणको ..................... छैन ।

**(झ) वाक्य पढेर लेख्नुहोस् :**

थकालीको घर छ । घरको छाना छ । गोठछेउ गाई छ । गाईको थुन छ ।

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

शिक्षकको हस्ताक्षर : .............  अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# सञ्चार, प्रविधि र बजार

## पाठ २३

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### नानी गई गोठमा


दमदम दमाहा, दिनेशले बजायो
दियो दुबो सजाई, दिपावली मनायो
अँगेनामा दाउरा, दनदनी बलेछन्
अलि दाइका बारीमा, अनार दाना फलेछन् ।

धन दाइको धारामा, धेरै पानी आउँछ रे
धुपौरोको धूपले, बास्ना मिठो छाउँछ रे
धजा गाँसी धागामा, धरतीको माझमा
धिमे बाजा बज्दै छ, धौलागिरि हाँस्दै छ ।

नास्पाती र निबुवा, भेट्न गए आमाबा
नौनी घिउ खाएछन्, नैना रेसम गाएछन्
नोट राखी कोटमा, नानी गई गोठमा
नास्पाती र निबुवा, फल्दा रै'छन् बोटमा ।







चित्र हेरी वर्णन गर्नुहोस् :



चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

दराज 

दमकल 

नङ 

द ध न

धनुष 

धागो 

निबुवा 

थोप्लामा रेखा तान्नुहोस् :

द दा दि दी दु

द दा दि दी दु

ध धा धि धी धु

ध धा धि धी धु

न ना नि नी नु

न ना नि नी नु

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

# नौलो खाजा



देउतीलाई नौलो खाजा खान मन लाग्यो । उसले दाइदिदीलाई टेलिफोन गरी बोलाई । चिउरा भाँडामा हाली । त्यसमा दुइटा निबुवा निचोरी । दाइदिदीले बजारबाट नुन र धनियाँको धुलो ल्याउनुभएछ । देउतीले त्यो पनि हाली । छानामा प्याज र खुर्सानी सुकाइएको थियो । प्याज र खुर्सानी काटेर हाली । अलिकति नौनी पनि हाली । चम्चाले चलाई । दाइ र दिदीलाई दिई । आफूले पनि खाई । खाजा पिरो भएछ । नुन पनि पुगेनछ । उसले हातले नाक पुछी । कान पनि छोई । पिरोले नाक कान पोल्यो । ऊ धारामा गई नाक धुन थाली ।

(क) देउतीले ककसलाई बोलाई ?


(ख) देउतीले के निचोरी ?

(ग) देउतीले नाक किन धुन थाली ?

(घ) देउतीले केको धुलो हाली ?

(ङ) देउतीले के केको खाजा बनाई ?

## शब्द पढी काकी र नानु जस्तै कुराकानी गर्नुहोस् :



# नुन कता छ ?

काकी : नानु ! नानु !

नानु : किन काकी ?

काकी : जाऊ, नुन किनी आऊ ।

नानु : काकी, नुन कता छ त ?

काकी : नदिनाको दोकानअगाडि नुन छ ।

नानु : नदिनाको दोकान कता छ त ?

काकी : चिनीको दोकान अगाडि छ ।

नानु : ए ! (नानु गई । नुन किनी आई ।)

मिल्ने वर्णमा गोलो (O) घेरा लगाई शब्द बनाउनुहोस् :

छिटो, दुध, दाजु, जाऊ, देखाई, धाक, डाका, काख, खट, नाना, देउता, झान, धान, चुट, दान, तान, नाटक, दुनो, उता, धोई, धोती, देऊ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ए | ई | इ | उ | छ | छि | टो |
| धो | ती | दा | ख | दु | ध | क |
| जा | ऊ | दा | जु | नो | ढ | डा |
| दे | खा | ई | धा | क | गा | का |
| ना | उ | झा | दा | घा | द | ख |
| ट | ना | ता | न | छा | चु | ट |
| क | ना | धा | था | ठा | धो | का |

## लेख्नुहोस् र पढ्नुहोस् :

| ना | क | नु | न | दुबो | धागो |
|---|---|---|---|---|---|
| नाक | | | | | |

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### दीपावली



दीपावलीको दिन थियो । दिपु र दाइ सामान किन्न बजार जानुभयो । दिदी पनि सँगै जानुभयो । उहाँहरू दोकानमा पुग्नुभयो । उहाँहरूले दोकानबाट दही किन्नुभयो । दुध किन्नुभयो । दाल किन्नुभयो । बाबाका लागि दौरा पनि किन्नुभयो । दिपुले सालको पात गाँसेर बनाएको दुनो किनिन् । दिदीले दीप किन्नुभयो । साँझ परेपछि उहाँहरू घर फर्कनुभयो । रातमा सबैले दीपावली मनाए । सबै रमाए ।

(क) बजारमा को को गए ?

(ख) दिपुले के किनिन् ?

## शब्द प्रयोग गरी वाक्य भन्नुहोस् र कापीमा लेख्नुहोस् :

दाना दाँत देऊ आधा धोऊ काँध नानी नेता

नाच छाना तान गधा आँधी धजा देउता

## जोडा मिलाउनुहोस् :

नोट

धान

दराज

धजा

दुध







## वाक्य बनाई लेख्नुहोस् :

| | | |
|---|---|---|
| दादाको | ओखती | देऊ |
| दिदीको | | |
| घाउको | | देखाऊ |

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

(ङ) ..........................................................................................

## पाठ २४

**सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :**



### बलरामको बसमा

परी जस्तै परेवा, फैलाएर पखेटा
पत्करमा टेकेर, उड्यो मलाई देखेर ।
फागुनको महिना, फुर्सद छ कि छैन ?
फलफूलको फोहोर, यताउता नफ्कार ।
बसमाथि आएर, बतास चल्यो हरर
बलरामको बसमा, गुड्यौं हामी सरर ।



**चित्र हेरी वर्णन गर्नुहोस् :**



**चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :**

(ब)स 

(फ)र्सी 

बिरालो 

प

फ ब

(प)रेवा 

फोन 

पुतली 

थोप्लामा रेखा तान्नुहोस् :

प पा पि पी पु

फ फा फि फी पहेँलो

ब बा बि बी हरियो

सुन्नुहोस् र उत्तर भन्नुहोस् :



## पेडा

पवित्रालाई पेडा मन पर्छ । पसलमा पेडा छ । पेडा किन्न पैसा चाहिन्छ । पवित्राले पोकाबाट पैसा झिकी । पैतालाले हिँडेर बजार गई । पेडा किनी । उसले पेडा बाँडेर खाई । सबैले पवित्रालाई धन्यवाद दिए ।

पवित्रालाई फलफूल पनि मन पर्छ । फूलबारीमा फूल फुलेको छ । बारीमा फर्सी फलेको छ । बलरामले फर्सी टिपेर ल्याए । पवित्राले बयर टिपिन् । उनले बहिनीलाई बयर दिइन् । बहिनीले बदाम किनिन् । बेलुकी घर आइन् । घरमा सबै जम्मा भएर बदाम खाए ।

**(क) पेडा किन्न के चाहिन्छ ?**


**(ख) सबैले पवित्रालाई किन धन्यवाद दिए ?**

**(ग) बलरामले के टिपे ?**

**(घ) सबै जना घरमा कति बेला जम्मा भए ?**

**(ङ) पवित्राले पेडा किन्न के गरिन् ?**

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :







पूजा आई । पाठो देखी । पाठोनजिक गई । पाठाको पेट छामी । पाठो धपाई । चोटामा गई । पापडको पोको देखी । पापड झिकी । पापड खाई । म फटाफट आएँ । म पनि फनन नाँचे । बाटाको नजिकै बाघ छ । बबिता बाटाको छेउबाट आउँदै थिई । बाटाको छेउबाट बाघ देखी । बाठी बबिता बाघ देखेर दौडी ।

## लेख्नुहोस् र पढ्नुहोस् :

पा + डो → ______

फो + न → ______

ब + ढा + ऊ → ______

फ + टा + फ + ट → ______

## मिल्ने वर्ण जोडी शब्द भन्नुहोस् र गोलो (O) घेरा लगाउनुहोस् :

ओदान, नाक, ओखती, तीन, नाउ, कछाड, छाक, कप, ठान, कडा, कता, ताक, छेक, दान, डाक, डाम, उखु, उनी, छानी, ताल

| | | | | | |
|---|---|---|---|---|---|
| ओ | ख | ती | न | नी | ड |
| दा | न | ना | उ | खु | म |
| न | ख | क | ठा | न | ड |
| ना | नी | छे | क | प | म |
| क | छा | ड | ठ | डा | क |
| थ | क | नी | क | ता | ल |

## तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

पौडी, देउता, परेवा, फोटो, फागु, बाघ, बोडी, बोट । जस्तै : भाइ पौडी खेल ।

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### सबै रमाए

बाँदर, बिरालो र बोको घुम्न गए । उनीहरूले बाजा बोकेका थिए।बोकाले मादल बजायो।बिरालाले गीत गायो । बाँदर फनफन घुम्दै नाच्यो । उनीहरूले आफ्नै बारीको तरकारी लगेका थिए । पानीको बोतल पनि लगेका थिए । उनीहरूले खाजा खाए । उनीहरूले पानी पिए।सबै रमाए ।

(क) को को घुम्न गए ?

(ख) कसले बाजा बजायो ?

(ग) उनीहरूले तरकारी र पानी किन लगेका होलान् ?

## जोडा मिलाउनुहोस् :

पैसा  पुतली 

फर्सी  फूल 

बाँदर  बिरालो 

## चित्र हेरी शब्द पूरा गर्नुहोस् :

..............र्सी  ..............स 

..............ल  ..............रेवा 

..............लङ  ..............न 

## खाली ठाउँमा मिल्दो शब्द राखेर वाक्य पूरा गर्नुहोस् :

(क) कोदोको ढिँडो .............................................. (खाऊ / नखाऊ)

(ख) आडी खेतछेउ .............................................. (आई / आइन)

(ग) पाठाको कान .............................................. (छ / छैन)

(घ) पिठोको पोको .............................................. (हो / होइन)

## खाली ठाउँमा न वर्ण राखेर वाक्य पूरा गर्नुहोस् :

(क) घर जाउ । बजार ............जाउ ।

(ख) बस चढ । रुख ............चढ ।


(ग) पत्र लेख । किताबमा ............लेख ।

(घ) ताजा खाना खाऊ । बासी खाना ............खाऊ ।

(ङ) बाजा बजाऊ । थाल ............बजाऊ ।

(च) फोन गर । चकचक ............ गर ।

## कुराकानी सुन्नुहोस् र उत्तर भन्नुहोस् :




**(क) हामीले कस्ता खानेकुरा खानुपर्छ ?** **(ख) हामी कसरी बस्नुपर्छ ?**

**(ग) सानालाई के गर्नुपर्छ ?**

## सार्नुहोस् :

पख पख नानी । कपको पानी तातो छ । तातो पानी खाने कि नखाने ? बबिता आउँदै थिई । बाटाको छेउबाट बाघ देखी । बाठी बबिता बाघ देखी दौडी ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

पाठ २५

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

## राम्रो जीवन

भमराले भुनभुन गर्दै, भाइलाई बोलायो
भाइले चाहिँ भिरमा गई, भेडा चरायो
मौरी आयो मह लिई, मक्ख माकुरो
मुसो मकै खोज्न चढ्यो, अग्लो टाकुरो ।
उता गए योगी याक, यता युवक
यमराज भन्दै थिए, यो हो सेवक
रमिलाले केशमा लाइन्, रातो रिबन
रारा जस्तै राम्रो पारौं, हाम्रो जीवन ।



चित्र हेरी वर्णन गर्नुहोस् :



## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

(भ)मरा 

यती 

रेडियो 

भ म

य र

मकै 

रथ 

याक 

## थोप्लामा रेखा तान्नुहोस् :

भ भा भु म मा

भ भा भु म मा

भ भा भु म मा

य या र रे रौ

य या र रे रौ

य या र रे रौ

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :



### भालु

भँगेरो रुखमा थियो । रुखको फेदमा बसी मनेले मुरली बजायो । भैँसीले चउरमा उभिएर घाँस चपायो । मुसाले मेवा खायो । भालु बारीमा लुसुक्क पस्यो । मुसाले भालुलाई देख्यो । मुसाले भन्यो, “मकै नखाऊ है भालु !” गोठबाट याक आयो । याकले भालुलाई लखेट्यो । यमुना र याङ्डी पनि आए । उनीहरूले युधिरलाई बोलाए । याक यमुनाको छेउमा आयो । यमुना, याङ्डी र युधिरले याकलाई घाँस दिए । उनीहरूले मकै पोली खाए । मुसालाई पनि मकै दिए ।

**(क) कसले मुरली बजायो ?**

**(ख) याकले कसलाई लखेट्यो ?**

**(ग) यमुना र याङ्डीले मकै कसरी खाए ?**

## शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

भकारी, भालु, भुस, भेला, भैलो, भोलि, मलम, मैलो, महिना, रात, रमिता, रुपियाँ, यमुना, चिया, माया, खोया

जस्तै : भकारीमा धान छ ।

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

आज भादगाउँमा भिडभाड छ । भादगाउँमा भजन पनि छ । भजन भएको ठाउँमा भोज छ । भात पाकेको छ । भानुका भतिजा भतिजी आए । भानिज पनि आए । दिदी भिनाजु भोजमा गए । भात खाए । भजन गाए । मदन मतानमा छ । ममताले मदनलाई भात दिई । मदन खुसी भयो । यजमानको घर पर छ । रिताको रिबन रातो छ । रिता रातो रिबन बोकी गइन् । रातो रिबन देखेर याक आयो । यती पनि आयो ।

## नानी कसरी घर पुगिन् होला ? रेखा तानी बाटो देखाउनुहोस् :




## लेख्नुहोस् र पढ्नुहोस् :

र + ङ → ______

मे + रो → ______

भ + का + री → ______

य + ज + मा + न → ______

## खाली ठाउँमा मिल्ने वर्ण राखी शब्द बनाउनुहोस् :

(क) भु.......... (क/ट) ....भुक..... ....भुट.....

(ख) मे.......... (च/ट) .................... ....................

(ग) रा.......... (त/ख) .................... ....................

(घ) रो.......... (प/ग) .................... ....................

(ङ) य.......... (ता/ती) .................... ....................

(च) भो..........(क/ज/ट) .................... .................... ....................

(छ) भा.......... (ग/ट/त) .................... .................... ....................

(ज) मा.......... (ग/ज/न) .................... .................... ....................

## सुन्नुहोस् र शब्द चिन्ने खेल खेल्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| भर | मह | यम | माम | रारा |
| रङ | भरत | यान | भुरा | युग |
| माथि | रेखा | योगी | मग | मेच |
| भैलो | भल | राधा | मुट्ठ | याक |


(१)

| | | | | |
|---|---|---|---|---|
| भर | यम | मह | भीम | रातो |
| यान | भरत | रङ | भुरा | याक |
| माथि | योगी | मग | यता | मेच |
| रथ | भैलो | भल | राधा | मुट्ठ |

(२)

## माछा र मनिता बनेर साथीसँग पढ्नुहोस् :

### माछा




## ठिक शब्दमा (✓) र बेठिक शब्दमा (x) चिह्न लगाउनुहोस् :

सही शब्द : **बाघ** **बोट** **बोको** **बुझ**

| | | | |
|---|---|---|---|
| घबा | ☐ | बाघ | ☐ |
| बोको | ☐ | कोबो | ☐ |
| टबो | ☐ | बोट | ☐ |
| बुझ | ☐ | झबु | ☐ |

## कापीमा सार्नुहोस् :

बाबा यजमानकहाँ जानुभएछ । यता बाटामा बाघ आएछ । नजिकै आगो भेटिएछ । बाघ धपाउने उपाय बनेछ । बाबा मुढो बोकी आउनुभएछ ।

## 'भालु' पाठमा प्रयोग भएका भ, म, य, र वर्णमा गोलो (O) घेरा लगाउनुहोस् ।

## कापीमा सार्नुहोस् :

ग म भ झ

ट ड ढ द य थ

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

(क) शब्द पढेर सुनाउनुहोस् :

नाटक, भटभटे, भिनाजु, रेडियो, यमुना, मितिनी, मैदान, यातायात, रसबरी

(ख) चित्र हेरी चार वाक्यमा भन्नुहोस् :



(ग) पढेर सुनाउनुहोस् :

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| द | दा | दि | दी | दु | दू | दे | दै | दो | दौ | दं | दः |
| ध | धा | धि | धी | नु | नू | ने | नै | पो | पौ | पं | पः |
| फ | फा | फि | फी | बु | बू | बे | बै | भो | भौ | भं | भः |
| द | धा | नि | पी | फु | बू | भे | भै | मो | मौ | मं | मः |

(घ) शब्द पढ्नुहोस् र चित्रसँग जोडा मिलाउनुहोस् :

मकै 

याक 

भोगटे 

पिङ 

नङ 

(ङ) **पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

मोतीले दौराको फेरमा फुरौला बोके । मैनाले रुमालमा पैसा र हातमा फिरफिरे बोकी । दिदीले भकारीका धान बोरामा झिक्नुभयो । मोतीले धादिङका धिमाल काकालाई बोलाए । काका बोराको भारी बोकेर हिँडे । भैँसीलाई बाँसको घाँस हालेर सबै मिलमा गए । मेसिनले धान कुट्यो । उनीहरू पैसा दिएर चामल बोकी घर फर्के ।

**(क) मोतीले के बोके ?** **(ख) मैनाले के के बोकी ?**

**(ग) धानको भारी कसले बोके ?** **(घ) मैनाले किन पैसा बोकेकी रहिछ ?**

(च) **छुटेका वर्ण लेखेर पढ्नुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| द | .......... | दि | .......... | दु | .......... | .......... | दै | .......... | .......... | .......... | दः |
| .......... | धा | .......... | धी | .......... | .......... | धे | .......... | धो | .......... | धं | .......... |
| फ | .......... | फि | .......... | फु | .......... | .......... | फै | .......... | .......... | फं | .......... |
| र | .......... | रि | .......... | रु | रू | .......... | रै | .......... | रौ | .......... | रः |

(छ) **तलका वर्णबाट शब्द बनाई लेख्नुहोस् :**

(अ) भु....... ....... (क/ट) (आ) मे....... ...... (च/ट)

(इ) भो....... ....... ....... (क/ज/ट)

(ई) मा....... ....... ....... (ग/ज/न)

(ज) **तलका वाक्य पढेर लेख्नुहोस् :**

भगिरथ तराई गए । भरत र यमुना भेटे । घरमा भजन गरे । थपडी बजाए । बाँदर पनि देखे ।

..........................................................................................

..........................................................................................



शिक्षकको हस्ताक्षर : .................. अभिभावकको हस्ताक्षर : ..................

विषयक्षेत्र

# हाम्रो क्रियाकलाप

## पाठ २६

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### लामो लुगा लाएर




लालुपाते फूलले, लहरालाई बोलायो
लौरो बोकी लौकाले, बिरालालाई भगायो ।
वकिल आए वासमा, वीणा मादल हातमा
शशी उषा माझमा, ऋषभ बस्यो साथमा ।
लिची लिटो खाएर, लामो लुगा लाएर
उषा हाँसिन् नाचेर, लीला आए धाएर ।

चित्र हेरी वर्णन गर्नुहोस् :



## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

(ल)सुन 

शङ्ख 

लुगा 

ल व

श ष

वीणा 

षट्कोण 

वकिल 

## थोप्लामा रेखा तान्नुहोस् :

ल लि लु लै लो

व वा वि वे वै

श शि शे ष षा

सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## विशेषका बुबा



विशेषका बुबा वकिल हुन् । विशेष सानो छ । ऊ कक्षा १ मा पढ्छ । शोभा र उषा विशेषका साथी हुन् । विशेषको बारीमा लौका, लिची र लसुन छ । उनलाई लिची मन पर्छ । शशी, शेखर र शिवलाई पनि विशेषले लिची दिन्छ । गणेश, शेषकान्त र शिरोमणिले पनि लिची मागे । विशेषले उनीहरूलाई लिची दियो । सबैले मिठो मानेर लिची खाए । सबै खुसी भए ।

(क) विशेषका बुबा को हुन् ?

(ख) विशेषका साथीहरू को को थिए ?

(ग) विशेषको बारीमा के के थियो ?

(घ) साथीहरू किन खुसी भए ?

(ङ) शिक्षकले भनेको सुनेर मिल्नेमा ठिक (✓) र नमिल्नेमा (X) चिह्न लगाउनुहोस् :

(अ) विशेषका बुबा वकिल ☐ किसान ☐ हुन् ।

(आ) विशेष कक्षा दुई ☐ एक ☐ मा पढ्छन् ।

(इ) विशेषलाई लिची ☐ आँप ☐ मनपर्छ ।

(ई) विशेषका साथीहरू दुःखी ☐ खुसी ☐ भए ।

(उ) विशेषका साथी शोभा ☐ उषा ☐ ललिता ☐ हुन् ।

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :




## तलका वाक्य पढेर सुनाउनुहोस् :

मेरा घरमा धेरै थाल छन् । भाइका घरमा धेरै लौका छन् । दाइका बारीमा धेरै मुला छन् । ललिताले लाइटर किनी । वीरले वीणा बजायो । गुरुले शुभकामना दिनुभयो । शिव, उषा, गणेश र शशी आए ।

## मिल्ने वर्णमा गोलो घेरा लगाई शब्द बनाउनुहोस् :

होची, चीन, खुन, उषा, तार, ताकी, डाली, किला, लामो, कटहर, ऋषभ, लाभा, शशी, खोला, पाटी, लाली, गली, नाथ, कप, रुनु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| का | खु | तो | डा | ज | क | ज |
| हो | ची | न | ती | ली | ट | प |
| रा | रा | अ | ग | ली | ह | कु |
| का | उ | कि | ला | मो | र | थ |
| दि | षा | खो | भा | टी | ना | पा |
| ता | र | खी | पा | श | शी | धा |
| की | ऋ | ष | भ | रु | नु | रा |

## तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

लिची, लुगा, लौका, वकिल, वीणा, शरीर, उषा, शेखर, गणेश, ऋषभ

जस्तै : काँचो लिची अमिलो हुन्छ ।

## चित्र हेरी नाम लेख्नुहोस् :


......................


......................


......................


......................

## खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) भाइ .................................................................... । [आयो] [आई]

(ख) बहिनी ............................................................... । [आयो] [आई]

(ग) भाइले खाजा .................................................. । [खायो] [खाई]

(घ) बहिनीले खाजा .............................................. । [खायो] [खाई]

(ङ) भाइ बजार ....................................................... । [गयो] [गई]

(च) बहिनी बजार .................................................. । [गयो] [गई]

## तालिकामा दिइएका शब्दबाट वाक्य बनाई कापीमा लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| मेरा | | | कचौरा | |
| बाबाका | घरमा | | खेलौना | |
| आमाका | | धेरै | पुतली | छन् । |
| दिदीका | | | खरायो | |
| दाइका | बारीमा | | मुला | |

## पाठ २७

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

# हुँदैन गर्नु हतार



www.dos.gov.np

हेर न सेतो हिमाल, हाँसेछ हाम्रो पहाड
सम्म छ तराई मधेश, सुन्दर हाम्रो नेपाल
हातमा हात राखेर साथमा साथ दिएर
काम छन् हाम्रा हजार, हुँदैन गर्नु हतार ।

हरियो वन हेरेर, सगर निलो देखेर
प्रभु र प्रेक्षा नाचेछन्, रक्षा र नेत्र हाँसेछन्
ज्ञानले हट्छ अज्ञान, चित्रले चिन्छ विज्ञान
पढेर मात्र हुन्न है, बुझे पो हट्छ अज्ञान ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



### तपाईं घरमा के के गर्नुहुन्छ ? टिपोट गरी कक्षाका साथीलाई सुनाउनुहोस् ।

## चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो (O) घेरा लगाउनुहोस् :

सलाई 

कक्षा 

यज्ञ 


साबुन 

स ह

क्ष

त्र ज्ञ

हलो 

पत्र 

हात 

हाँस 

## थोप्लामा रेखा तान्नुहोस् :

स सा सि सी सु से सै सो सौ

स सा सि सी सु से सै सो सौ

ह हा हि ही हु हे है हो हौ

ह हा हि ही हु हे है हो हौ

क्ष क्षा क्षि क्षी त्र त्रि त्रै ज्ञ

क्ष क्षा क्षि क्षी त्र त्रि त्रै ज्ञ

## सुन्नुहोस् र उत्तर भन्नुहोस् :

# साथी साथी



सिमसिम पानी आयो । सीमा र सौगात घर गए । घरमा हरीश, रक्षा र यज्ञ थिए । घरमा सबै साथी भेट भए । उनीहरू सुकुलमा बसे । सानिमाले उनीहरूलाई सेल दिनुभयो । सेल खाए । परबाट त्रैलोक्य कराए । त्रैलोक्यको सागबारीमा सुगा आएछ । सबैले सुगालाई वनतिर धपाए । पारिपट्टि हरियो वन थियो । वनमा हरिण थियो । हात्ती पनि थियो । हात्तीले हरिणलाई पढाउन थाल्यो । हरिणले क, ख लेख्न जान्यो । हरिणले ह अक्षर लेख्यो । हरिणले क्ष अक्षर पनि लेख्यो । हरिणले हात्तीको हात माग्यो । हात्तीले हात दियो । हरिणले हातमा हात्ती लेखिदियो । हात्ती मुसुक्क हाँस्यो । हरिण र हात्ती मित्र बने ।

**(क) सीमा र सौगात कहाँ गए ?**

**(ख) सेल कसले दियो ?**

**(ग) वनमा के के थियो ?**

**(घ) हात्तीलाई कसले पढायो ?**

**(ङ) हरिणले के के लेख्यो ?**

**(च) हात्ती किन मुसुक्क हाँस्यो ?**

## तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

सडक, सीता, साना, सिक, सुगा, सुन, हात, हामी, हिमाल, होचो, रक्षा, कक्षा, क्षितिज, मित्र, नेत्र, यज्ञ, आज्ञा

जस्तै : हामी सडकमा साइकल गुडाउँछौं ।

## पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :

सपनामा सडक देखियो । सडकमा साइकल भेटियो । सागर साइकलमा गयो । सपना सकियो । सडक, साइकल र सागर सबै हराए । हरि र हुलाकी आए । हुलाकीले मोही खाए । हुलाकी गए । हरि र क्षितिज बसे । क्षितिज कक्षामा गए । कक्षामा साथीहरू थिए । साथी हसिला थिए । सबै खुसी भए ।

## शब्द पत्ता लगाई गोलो (O) घेरा लगाउनुहोस् :

बाघ, हाँस, लाई, सलाई, साडी, घडी, लामो, आज्ञा, त्रिशूल, मल, ईश, कक्षा, झलमल, नल, कान, पानी, क्षार, कल, हर, पाल, दिल, टिम

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बा | घ | हाँ | स | ला | ई | झ |
| सा | डी | त्रि | ला | मो | श | ल |
| वे | आ | शू | म | ल | र | म |
| ल | ज्ञा | ल | क | ह | टि | ल |
| पा | नी | दि | क्षा | र | का | न |
| झ | ल | म | ल | न | ल | त्र |

## लेख्नुहोस् र पढ्नुहोस् :

ज्ञानी → ज्ञा, नी

पात्रो → ____, ____

स, क्ष, म → ____________

व, र, व, र → ____________

## वर्ण जोडी शब्द लेख्नुहोस् :

सा + ग, त, ट → साग, सात, साट

हा + त, ड, ट → ................................, ................................, ................................

| से | | |
|---|---|---|
| क | तो | ल |

............................... ............................... ...............................

| हि | | |
|---|---|---|
| लो | साब | माल |

............................... ............................... ...............................

| स | | |
|---|---|---|
| मय | लाम | लाई |

............................... ............................... ...............................

**खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

क्षमा   भिक्षा   कक्षा   क्षितिज   भित्र   त्रिशूल   मात्रा

जस्तै : क्षितिज फराकिलो छ ।

(क) आमाले जोगीलाई ................................ दिनुभयो ।

(ख) ऊ दुई ............................................को विद्यार्थी रहेछ ।

(ग) त्रुटि हुँदा ....................................... माग्नुपर्छ ।

(घ) औषधीको ...................................... मिलाएर खानुपर्छ ।

(ङ) मलाई घर ....................................... जान मन लागेको छ ।

(च) शिवको मन्दिरमा ................................ छ ।

## वर्ण र मात्रा मिलाई लेख्नुहोस् :

| मात्रा \ वर्ण | ष | स | ह | क्ष | त्र | ज्ञ |
|---|---|---|---|---|---|---|
| ा | षा | | | | | |
| ि | | | | | | |
| ी | | | | | | |

## शब्दमा मिल्ने वर्ण खोजी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सा | कक्षा |
| ह | त्रिभुज |
| ही | ज्ञानी |
| क्षा | साइकल |
| त्रि | हरि |
| ज्ञा | सही |

रा‍म्रो अक्षर बनाई कापीमा सार्नुहोस् :

घरभित्र मित्रले आफ्नै चित्र बनाए
पत्र लेखी छात्रले यत्रतत्र पुऱ्याए ।

ज्ञानी मान्छे ज्ञानको यज्ञ गर्दै रहेछन्
जतातत‌ै गुरुले ज्ञान छर्दै रहेछन् ।

'साथी साथी' र 'विशेषका बुबा' पाठमा प्रयोग भएका य, स, ल, व, श, ष, स, ह, क्ष, त्र को वर्णमा गोलो घेरा लगाउनुहोस् ।

आधार वर्णबाट बनेका वर्ण पढ्नुहोस् र कापीमा सार्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ग | म | भ | झ | | |
| त | न | ल | व | ब | क |
| र | स | श | ख | ए | ऐ |
| ट | ड | ढ | द | य | थ |
| प | फ | ष | च | ण | |
| ड | ङ | ह | इ | ई | |
| ज | ज्ञ | क्ष | ञ | त्र | ॠ |
| घ | ध | छ | उ | ऊ | |
| अ | आ | ओ | औ | अं | अः |

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

लीलामणि सहर गए । सहरमा पसल देखे । पसलमा केटाकेटी थिए । हरिवंशले केटाकेटीलाई कक्षामा बोलाए । कक्षामा साथी पनि थिए । ज्ञानी केटाकेटीले हरिवंशलाई पत्र बुझाए । यो देखेर लीलामणि खुसी भए ।

**(ख) चित्र हेरी चार वाक्य भन्नुहोस् :**



**(ग) पढेर सुनाउनुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल | ला | लि | ली | लु | लू | ले | लै | लो | लौ | लं | लः |
| व | वा | वि | वी | शु | शू | शे | शै | षो | षौ | षं | षः |
| स | सा | सि | सी | हु | हू | हे | है | त्रो | त्रौ | त्रं | त्रः |
| ल | ला | वि | वी | शु | षू | से | है | क्षो | त्रौ | ज्ञं | ज्ञः |

**(घ) शब्द पढ्नुहोस् र अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गितार | सरसफाइ गर्ने सामान |
| धारो | छओटा तार भएको एक बाजा |
| कुचो | होम गर्ने काम |
| शङ्ख | लुगाधुने ठाउँ |
| यज्ञ | पूजामा बजाउने बाजा |

**(ङ) पढेको सुनेर प्रश्नको उत्तर भन्नुहोस् :**

ज्ञानी र रक्षा बजार जाँदै थिए । सबिना पनि जाँदै थिइन् । बाटामा उनीहरूको भेट भयो । उनीहरूले नवीन र सलिनालाई धारामा देखे । सलिना मुख धुँदै थिइन् । नवीन दाँत सफा गर्दै थियो । नवीन र सलिनाले ढिला भएको पत्तै पाएनन् । ज्ञानी र रक्षाले उनीहरूलाई बिस्तारै आऊ भने ।

**(अ) को को बजार जाँदै थिए ?** **(आ) सबिनाले बाटामा कसलाई भेटिन् ?**

**(इ) नवीन के गर्दै थियो ?** **(ई) ज्ञानी र रक्षाले किन बिस्तारै आऊ भने ?**

**(च) छुटेका वर्ण लेख्नुहोस् र पढेर सुनाउनुहोस् :**

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल | .......... | लि | .......... | .......... | लू | ले | .......... | .......... | लौ | .......... | .......... |
| श | .......... | .......... | शी | .......... | .......... | .......... | शै | .......... | .......... | शं | .......... |
| .......... | हा | .......... | .......... | हु | .......... | .......... | .......... | हो | .......... | .......... | हः |
| ज्ञ | .......... | ज्ञि | .......... | ज्ञु | .......... | ज्ञे | .......... | .......... | ज्ञौ | .......... | .......... |

**(छ) चित्र हेरी नाम लेख्नुहोस् र पढ्नुहोस् :**


................


..................



..................


................

**(ज) तलका वाक्य पढेर लेख्नुहोस् :**

शिक्षक कक्षामा आउनुभयो । शिक्षकले अक्षर लेखाउनुभयो । क्षितिजले अक्षर लेखे । उनका अक्षर सफा थिए । अक्षर देखेर शिक्षक खुसी हुनुभयो ।

..................................................................................................................................

..................................................................................................................................

शिक्षकको हस्ताक्षर : ............. अभिभावकको हस्ताक्षर : .................

विषयक्षेत्र

# हाम्रो वरपरको संसार

## पाठ २८

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



## ख्याउटे लङ्गुर

क्यामेराले फोटो खिच्न, लाग्यो अङ्कुर
ख्याक्क खुक्क गर्दै आयो, ख्याउटे लङ्गुर
कहाँ थियो फोहोरको, ठुलो डङ्गुर
लङ्गुर भन्छ फोटो खिच्न, दिउँला अङ्कुर ।

बच्चाबच्ची सबै मिली, नाटक हेर्ने हो
डाँडापारि ज्यामी दाइको, घर चिन्ने हो
झ्यालमा बसी गीत गाउँछ, झ्याप्ले कुखुरो
सधैँभरि नाच्छ गाउँछ, चञ्चल च्याखुरो ।

झ्यालबाट झ्याउ फाल्नु, राम्रो होइन
प्लास्टिकले पन्चर टाल्नु, राम्रो होइन
ठ्यौको माथि ट्याम्के दाइले, ट्याम्को ठोकेका
लट्ठ परी डिट्ठा बाले, ठेकी बोकेका ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



**क देखि च सम्मका मिल्ने आधा वर्ण लेखी शब्द भन्नुहोस् :**

……यामरा ……यालख्याल आ……लो सुँ……न डु……गा

छु……चो बु……चो ब……चो चु……चो

**आधा वर्ण र ती वर्ण भएका शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| क् | ज्यामिर |
| ज् | ग्याँस |
| ग् | सक्छ |
| झ् | अङ्कुर |
| ङ् | झ्याल |

**सुन्नुहोस् र उत्तर भन्नुहोस् :**

## ख्यामको क्यामेरा



ख्यामले क्यामेरा बोके । उनले झ्यालबाट चराको बच्चो देखे । बच्चो ज्यामिरको बोटमा थियो । ज्यामिरको बोटमा चराले छ्वालीले गुँड बनाएको थियो । चराले बच्चालाई एक्लै गुँडमा छोडेर चारो खोज्न गयो । ख्यामले बच्चाको फोटो खिचे । त्यो देखेर चरो रिसायो । चराले ख्यामको क्यामरामा ठुँग्यो । ख्याम छक्क परे । ख्याम घ्याङ नजिकै गए । ख्यामले अङ्गुर निकाले । ख्यामले चरालाई अङ्गुर

दिए । चरो र बच्चाले अङ्गुर खाए । उनीहरू खुसी भए । चरासँग राम्रा राम्रा फोटो खिचे । ख्याम क्यामरा बोकी सुटुक्क घरतिर लागे ।

(क) कसले चराको बच्चो देखे ?

(ख) चरो कहाँ गएको थियो ?

(ग) ख्याम किन छक्क परे ?

(घ) चरो र बच्चो किन खुसी भए ?

## जोडेर र छुट्याएर लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| च्या + उ | द्वा + ङ | छ्याङ् + ग | च्या + खु + रो |
| च्याउ | | | |
| भक्त | ग्यास | खण्ड | क्यामरा |
| भ + क्त | | | |

## पढ्नुहोस् र दिएका शब्दमा गोलो घेरा लगाउनुहोस् :

### ट्याक्टर



स्कुल छुट्टी भयो । कक्षाका सबै बाहिर आए । उनीहरू खेतमा गए । ट्याक्टरले खेत जोत्दै थियो । मानिसले खेतमा ड्याङ बनाए । केटाकेटी ट्याक्टरमा चढ्न खोजे । ट्याक्टर ड्वाङड्वाङ गर्दै गाउँतिर लाग्यो । ट्याक्टरमा खण्ड खण्ड थिए । एकैछिनमा ट्याक्टर टक्क रोकियो । ट्याक्टर बिग्रेछ । ट्याक्टरका चालक पनि तल झरे । ट्याक्टरका चालक ठ्यौकामा बसे । चालकले ट्याक्टर बनाउन सकेनन् ।

छुट्टी ड्याङ चढ्न खण्ड ठ्यौको

खाली ठाउँमा ट् वर्ण थपी शब्द बनाउनुहोस् :

ग.........टा    ब.........टा    ल.........टा    झ.........ट    चौप.........टै

आधा वर्ण र ती वर्ण प्रयोग भएका शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ट् | ड्याङ |
| ठ् | ढ्वाङ |
| ड् | खण्ड |
| ढ् | ठ्याक्क |
| ण | ट्वाक्क |

तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

लाग्यो ..........................................................................

नाच्छु ..........................................................................

छ्याप्यो ..........................................................................

सुँघ्छे ..........................................................................

चाख्छे ..........................................................................

तपाईंलाई मनपर्ने कुनै एउटा चराका बारेमा चार वाक्य लेखी शिक्षकलाई देखाउनुहोस् ।

'ट्याक्टर' पाठ राम्रो अक्षरमा कापीमा सारेर देखाउनुहोस् ।

## पाठ २९

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

### डब्बा चढेर

ड्याङ पारी आलु रोप्दा, लड्यो लखन
पढ्यो बढ्यो माथि चढ्यो, हाम्रो गगन
खण्ड खण्ड मिलाएर, आठ घण्टा काम
उत्तम उत्तर लेखेर, खुसी भयो राम ।



थ्याच्च बसी मिठो खाना, खाऊ थकाली
कुद्यो कैले उकाली त, कैले ओराली
ध्यान गर्दा विघ्न बाधा, नदेऊ गुरुलाई
टन्न फलाऊ अन्नहरू, मिली दाजुभाइ ।



तिर्खा लागे प्यास मेट, पानी पिएर
फ्याँफ्याँ गर्दै फ्याउरो आयो, टिउरो लिएर
जब्बर अनि गब्बर आए, डब्बा चढेर
भ्यान चढी भ्याइनभ्याई, गम्छा ओढेर ।

चित्र हेरी वर्णन गर्नुहोस् :



खाली ठाउँमा न् वर्ण थपी शब्द भन्नुहोस् :

सु..........छ    भ..........छ    रु..........छ    ख..........छ

ब..........छ    छु..........छ    धु..........छ    हु..........छ

तलका शब्दलाई मिल्ने कोठामा लेख्नुहोस् :

भात, बेन्च, दौरा, रोटी, टोपी, टेबल, सारी, दाल, दराज

| खाना | काठका सामान | लुगा |
|---|---|---|
| भात | टेबल | सारी |
| .......... | .......... | .......... |
| .......... | .......... | .......... |

पढ्नुहोस् र दिएका शब्दमा गोलो घेरा लगाउनुहोस् :



## न्याउली र न्याउरी

एउटा रुख थियो । रुखमुनि एक जना ज्ञानी बस्थे । उनी सधैँ ध्यान गर्थे । रुखको हाँगामा एउटा न्याउली बस्थ्यो । ऊ रुखको टुप्पामा जान्थ्यो । एक दिन न्याउली टुप्पाबाट तल खस्यो । न्याउली खसेको न्याउरीले देख्यो । न्याउरीले ध्यान गरिरहेको मानिसलाई बोलायो । ध्यानमा भएकाले उनी बोलेनन् । न्याउरी कुद्दै हात्तीकहाँ गयो । उसले हात्तीलाई डाकेर ल्यायो । हात्तीले सुँडले उचालेर न्याउलीलाई गुँडमा राखिदियो । न्याउली खुसी भयो । न्याउरी पनि खुसी भयो ।

ध्यान    न्याउली    हात्ती    जान्थ्यो    कुद्दै

**शब्दको बिचमा ट र फ वर्ण थपी शब्द लेख्नुहोस् र भन्नुहोस् :**

(क) ट्या……प  भ्या……प  क्वा……प  छ्या……प

(ख) ड……फा  आ……नो  ……याउरो  ……याट्ट

**सुन्नुहोस् र उत्तर दिनुहोस् :**

## दुम्सी र फ्याउरो



ठूलो जङ्गल थियो । जङ्गलमा दुम्सी बसेको थियो । त्यही जङ्गलमा फ्याउरो पनि बसेको थियो । त्यहीँ ब्वाँसो पनि थियो । एक रात दुम्सी दुलाबाट बाहिर आयो । दुम्सीको खाना भ्याकुर थियो । दुम्सीले भ्याकुर खन्न लागेको थियो । दुम्सीलाई फ्याउरो र ब्वाँसाले देखे । दुवैले दुम्सीलाई झम्टे । दुम्सी काँडा फाली दौड्यो । फ्याउरो र ब्वाँसाले दुम्सीलाई भेटेनन् ।

**(क) दुम्सी कहाँ बस्थ्यो ?**  **(ख) दुम्सीले के खान्थ्यो ?**

**(ग) दुम्सी कसरी दौडियो ?**

**(घ) फ्याउरो र ब्वाँसोले दुम्सी भेटेको भए के गर्थे होलान् ?**

**वर्ण यताउता पारी नयाँ शब्द बनाउनुहोस् :**

**ल क म**  **कलम, मकल, कम, कल**

ता कि ब  ……………………………………

ह स र ..............................................................

फु ब ल ट ..............................................................

मा इ र लो ..............................................................

**शब्द र चित्रको जोडा मिलाउनुहोस् :**

झन्डा 

बुद्ध 

ध्वजा 

प्याज 

फ्याउरो 

ङ्याउरो 

**राम्रा अक्षर बनाई कापी सार्नुहोस् :**

बुद्ध नेपालको लुम्बिनीमा जन्मेका हुन् । उनका बुबाको नाम शुद्धोदन हो । आमाको नाम मायादेवी हो । उनकी आमा माइत जाँदै थिइन् । त्यति नै बेला बाटामा बुद्ध जन्मेका थिए । बुद्ध ज्ञानी भए । उनले पाएको ज्ञान सबैलाई बाँडे ।

## तलका शब्द प्रयोग गरी वाक्य लेख्नुहोस् :

झन्डा ....................................................................................................

प्यारो ....................................................................................................

अम्बा....................................................................................................

भ्यागुतो....................................................................................................

भन्छन्....................................................................................................

## तपाईँलाई मनपर्ने कुनै एउटा जनावरका बारेमा वर्णन गर्नुहोस् :

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

## पाठ ३०

### सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



## चल्ला

सानाा साना चल्ला, गर्न थाले हल्ला
भोक लाग्यो होला, चारो कसले देला ?
चुर्रचुर्र गर्छन्, भुर्रभुर्र उड्छन्
फकाउनै गाह्रो, उसले छऱ्यो चारो ।

विष्णु बस्छ खाटमा, श्याम जान्छ साथमा
ह्वेल आयो पाखामा, लक्ष्मी गइन् हाटमा
त्र्यम्बकले बोलायो, शैय्यामाथि रमायो
व्यापारीले सुनायो, ड्राइभरले कुदायो ।

### चित्र हेरी वर्णन गर्नुहोस् :



### खाली ठाउँमा ऱ् वर्ण थपी शब्द भन्नुहोस् :

प······यो      स······यो      झ······यो      ग······यो      भ······याङ

### छुट्याएर लेख्नुहोस् :

| शब्द | अक्षरहरू | | |
| --- | --- | --- | --- |
| श्वास | श्वा | स | |
| बाख्रो | | | |
| स्याउला | | | |
| विष्णु | | | |
| स्याउ | | | |

### श्याम र विष्णु बनी कुराकानी गर्नुहोस् :



## स्याउ

विष्णु : नमस्ते दाइ, हजुरलाई कस्तो छ ?
श्याम : नमस्कार बाबु, सन्चै छ ।
विष्णु : गाईबस्तु चराउन लैजाने होइन ?
श्याम : हो नि । बाख्रापाठा पनि लैजानुपर्छ ।
विष्णु : बाख्रापाठालाई स्यालले खान्छ होला नि !
श्याम : म हेरौँला नि ! बरु हिजो टिपेका स्याउ चाहिँ बोक है ।
विष्णु : धन्यवाद दाइ । खाजामा स्याउ खाऔँला ।

### पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## स्यालको बिहे



आज स्यालको बिहे छ । सबै जनाको जन्त जाने लक्ष्य छ । जन्त गएर भोज खाने लक्ष्य छ । जरायो बाजेले भन्न थाले । छिटो जाऔँ । भरे दुलही भित्र्याउन ढिला हुन्छ । बाटामा रुख ढलेका छन् । पन्छाउँदै जानुपर्छ । दुलही भित्र्याएपछि बेलुका नाच्नुपर्छ । सबै खुसी भएर जन्त जान्छन् ।

(क) आज कसको बिहे छ ?

..........................................................................................

(ख) जन्त गएर के खाने ?

..........................................................................................

(ग) जन्त किन जानुपर्छ ? शिक्षकलाई सोधेर लेख्नुहोस् ।

..........................................................................................

पढ्नुहोस् र दिएका शब्दमा गोलो (O) घेरा लगाउनुहोस् :

## हर्क र आर्या



हर्कले चर्खा चलायो । आर्या पनि आई । चर्खा चलाउन खोजी । हर्कले आर्यासँग छुर्पी माग्यो । आर्यासँग छुर्पी थिएन । आर्याले पेडा र बर्फी दिई । हर्क पेडा र बर्फी खाँदै बार्दलीमा गयो । उसले पिर्का ल्यायो । हर्कले आर्यालाई पिर्का दियो । पिर्का पाएर आर्या खुसी भई । आर्याले हर्कलाई बरफ दिई । हर्कले भन्यो, "हुर्रे, क्या मिठो बरफ !"

चर्खा | छुर्पी | बर्फी | पिर्का | हुर्रे

अन्तिम वर्णमाथि रेफ ( र्‍ ) थपी लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| कमा | पिका | फिता | बिख | बफी |
| .......... | .......... | .......... | .......... | .......... |
| पूव | मूख | सप | सूय | फुती |
| .......... | .......... | .......... | .......... | .......... |

## दिइएका वर्ण यताउता पारी शब्द बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| खु कु रा | कुखुरा | वा रे प | .............................. |
| यू र म | .............................. | र ह जु | .............................. |
| का टि पे | .............................. | ला हे रौं | .............................. |
| क क्ष शि | .............................. | वि र्थी द्या | .............................. |
| ला ई म | .............................. | न म सु | .............................. |

## वाक्य बनाई लेख्नुहोस् :

| | | |
|---|---|---|
| म<br>रामलखन<br>सीता<br>पेम्बाहरू | घर | गए ।<br>जान्छु ।<br>गइन् ।<br>जाने छ । |

(क) म घर जान्छु ।

(ख) ..............................................................................................................

(ग) ..............................................................................................................

(घ) ..............................................................................................................

## जोडा मिलाउनुहोस् :

घण्ट 

बाच्छो 

क्यामेरा 

मान्छे 

च्याउ 

मन्दिर 

कोठामा दिइएको वर्णबाट चित्रको नाम लेख्नुहोस् :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्या | भ्या | ङ्गु | च्या | न्ज | प्के | ब्या | न्दि | प्या | ल्ला |

| | | |
|---|---|---|
| | मे | रा |
| ल | | र |
| | | ल |
| म | | र |
| म | | न |
| | | ज |
| | | ट |
| | च | |
| | ता | |
| | | उ |












तपाईंको घरवरपर के के छन् ? लेखी शिक्षकलाई देखाउनुहोस् ।

## निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

उष्माको घर दिक्तेल हो । उनी क्यामेरा बोकेर दमक झरिन् । दमकमा उनका कान्छाबा हुनुहुन्थ्यो । क्यामराले कान्छाबाको फोटो खिचिन् । कान्छाबाको दुई छोरी अञ्जना र सञ्जना थिए । अञ्जना र सञ्जनासँग ऊष्मा खेतमा गइन् । खेतमा भ्यागुतो ट्वारट्वार कराएको आवाज सुने । भ्यागुताको ट्वारट्वार आवाज सुनेर उनीहरू छक्क परे । सबै जना साँझपख घर फर्के ।

**(ख) चित्र हेरी नाम लेख्नुहोस् र पढ्नुहोस् :**

................. .................. .................. ................

**(ग) शब्द पढेर वाक्य भन्नुहोस् :** अङ्गुर, भकुन्डो, च्याउ, ट्याक्टर

**(घ) शब्द पढ्नुहोस् र उल्टो अर्थ बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| साँझ | बस्यो |
| अग्लो | बिहान |
| मोटो | उज्यालो |
| उठ्यो | दुब्लो |
| अँध्यारो | होचो |

**(ङ) नमिल्ने शब्द पहिचान गरी गोलो घेरा लगाउनुहोस् :**

(क) आऊ जाऊ खाऊ बस

(ख) सुन्तला अम्बा खम्बा तुङ्बा

(ग) टुसुक्क हिँड्नु थुचुक्क मुसुक्क

(घ) प्यार्र स्यार्र ङ्यार्र ड्याम्म

**(च) सुन्नुहोस् र प्रश्नको उत्तर भन्नुहोस् :**

दोर्जेको घरमा पाठो छ । ऊ पाठालाई मने भनेर बोलाउँछ । मने पनि म्याँ म्याँ गरेर दोर्जेको छेउमा आउँछ । दोर्जेले पढ्दा मने छेउमा बसेर सुन्छ । दोर्जेले

गीत गाउँदा मने नाच्न थाल्छ । दोर्जेले खेल्दा मने पनि दौडी दौडी खेल्छ । दोर्जे बस्दा मने ढाडमा उफ्रन्छ । मने दोर्जेलाई धेरै माया गर्छ । दोर्जे पनि मनेलाई धेरै माया गर्छ । दोर्जे विद्यालय जाँदा मने पनि जान खोज्छ ।

(क) मने कसको नाम हो ?

(ख) दोर्जेले पढ्दा मने के गर्छ ?

(ग) मने कसको ढाडमा उफ्रिन्छ ?

(घ) मने किन दोर्जेसँग विद्यालय जान खोज्छ ?

**(छ) तलका शब्दबाट वर्ण छुट्याएर लेख्नुहोस् :**

अनार, करुवा, गोठ, दिदी, देउसी, ठुलोबुबा, कोदालो, जिराफ, वातावरण

गोठ .......................... दिदी ............................. करुवा ..............................

देउसी .......................... जिराफ ......................... कोदालो ..................................

ठुलोबुबा ................................... वातावरण ....................................................

**(ज) वाक्य पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

जुरेलीले जुनार भेट्यो । जरायोले जेरी देख्यो । जुरेलीले जुनार चाख्यो । जरायोले जेरी चाख्यो । दुवैले छेउमा छहरा देखे । छहराका छिटा पर परसम्म छरिएका थिए । दुवैले छाता ओढे । भुइँमा छिपछिपे पानी थियो । जुरेली र जरायो छेउको छाप्रोमा बसे । जुरेलीले जरायोलाई जुनार दियो । जरायोले जुरेलीलाई जेरी दियो । जरायोले भन्यो, “तिम्रो जुठो जुनार म खान्नँ ।” जुरेलीले भन्यो, “म पनि तिम्रो जुठो जेरी खान्नँ ।” दुवैले भने, “हो, हामीले कसैको जुठो नखाऔँ ।”

(क) जुरेलीले के भेट्यो ?

उत्तर : ................................................................................................................................

(ख) छहराका छिटा कहाँसम्म छरिएका थिए ?

उत्तर : ................................................................................................................................

(ग) जरायोलाई जेरी कसले दियो ?

उत्तर : ................................................................................................................................


(घ) जरायोले जुनार किन खाएन ?


उत्तर : ................................................................................................................................



शिक्षकको हस्ताक्षर : .............  अभिभावकको हस्ताक्षर : .................

# सिकाइ शृङ्खला


पाठ १
पाठ २
पाठ ३
पाठ ४
पाठ ५
पाठ ६
पाठ ७
पाठ ८
पाठ ९
पाठ १०
पाठ ११
पाठ १२
पाठ १३
पाठ १४
पाठ १५
पाठ १६


पाठ १७
पाठ १८
पाठ १९
पाठ २०
पाठ २१
पाठ २२
पाठ २३
पाठ २४
पाठ २५
पाठ २६
पाठ २७
पाठ २८
पाठ २९
पाठ ३०